ग्राहक प्रति

वर्ष २० | अंक १७८ | काठमाडौं | आइतवार, २४ चैत २०८१ | Sunday, 6 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com



चितवनमा 'मेड इन नेपाल' एक्स्पो हुँदै २

नेपाल लाइफलाई 'बेस्ट लाइफ इन्स्योरेन्स कम्पनी अफ दी एयर २०२५' अवार्ड ३

सार्वजनिक खर्च कसरी घटाउने ? ४

धान रोप्नुअघि नै आरज् राइस मिलको समर्थन मूल्य घोषणा ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

कस्तो रह्यो गभर्नर अधिकारीको कार्यकाल ?

# कोरोनाबाट अर्थतन्त्रको उद्धार तर प्रगति सुस्त

**यादव हुमागाई**

काठमाडौं

कोभिड-१९ महामारी रोक्न सरकारले २०७६ चैत ११ गतेदेखि देशव्यापी बन्दाबन्दी (लकडाउन) लागू गऱ्यो । अत्यावश्यकबाहेकका सेवा बन्द भएका बेला सरकारले २०७६ साल चैत २४ गते नेपाल राष्ट्र बैंकको गभर्नरमा महाप्रसाद अधिकारीलाई नियुक्त गऱ्यो ।

कोरोनाको कारण अर्थतन्त्र शिथिल भएका बेला सर्वसाधारणले बैंक, वित्तीय संस्थालाई तिर्नुपर्ने पाकेको ब्याजमा १० प्रतिशत छूट र ऋणको ब्याजदर २ प्रतिशत बिन्दुले घटाउने निर्देशनबाट आशा सञ्चार गराएका अधिकारी केन्द्रीय बैंकबाट बाहिरिँदै गर्दा अर्थतन्त्रको हालतमा खासै सुधार आउन सकेको छैन ।


चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा अर्थतन्त्रले केही गति समात्न थालेको देखिए पनि आर्थिक गतिविधिमा शिथिलता कायमै छ । राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो त्रैमासमा ५ दशमलव १ प्रतिशतले अर्थतन्त्र विस्तार हुने अनुमान गरेको छ, जुन अघिल्ला त्रैमासहरूको भन्दा राम्रो हो । बैंक, वित्तीय संस्थामा अधिक तरलता भए पनि लगानी बढ्न सकेको छैन । खराब कर्जा वृद्धिसँगै वित्तीय संस्थाहरूमा रहेको सुशासनको समस्या बाहिरिन थालेको छ । सम्पत्ति शुद्धीकरण निवारणमा देश निगरानी समूहमा (ग्रे लिस्ट) मा परेको छ । पछिल्ला वर्षहरूमा कडा खालको मौद्रिक नीति ल्याएर अर्थतन्त्र उक्सिन नदिएको आरोप व्यवसायीले अधिकारीमाथि लगाएका छन् ।

निजीक्षेत्रका उद्योगी व्यवसायीहरूले गभर्नर आधिकारीविरुद्ध आन्दोलन गर्नेसम्मको परिस्थिति आयो । राष्ट्र बैंकको सहायक निर्देशकदेखि डेपुटी गभर्नरसम्मको भूमिका निर्वाह गरी अवकाशमा गएका अधिकारीको गभर्नरको कार्यकाल उत्साजनक शुरुआत भए पनि बिदाइ हुँदै गर्दा भने समग्र अर्थतन्त्रको अवस्था निराशाजनक नै देखिएको छ ।

### सुधारको प्रयास, उल्टो परिणाम


आफ्नो कार्यकालमा ५ ओटा मौद्रिक नीति जारी गरेका गभर्नर अधिकारी शुरुआती वर्षहरूमा कोभिडबाट प्रभावित अर्थतन्त्र सुधारका लागि 'उदार' भए । कोभिड प्रभावित अर्थतन्त्र पुनरुत्थानका लागि भन्दै राष्ट्र बैंकले आर्थिक वर्ष (आव) २०७७/७८ र २०७८/७९ मा लचिलो र विस्तारकारी मौद्रिक नीति लियो । केन्द्रीय बैंकले नीतिगत दर र बैंकदर घटाएर बजारमा नगद प्रवाह बढायो । » बाँकी पृष्ठ ५ मा

बैंकहरुको कर्जा/निक्षेपको बृद्धिदर (प्रतिशतमा)





स्रोत : नेपाल राष्ट्र बैंक

शोधनान्तर स्थिति (रू. अर्ब)





स्रोत : नेपाल राष्ट्र बैंक

औसत मुद्रास्फीति (प्रतिशतमा)




स्रोत : नेपाल राष्ट्र बैंक

बैंकहरूको औसत ब्याजदर प्रतिशत)




स्रोत : नेपाल राष्ट्र बैंक

# नेपाली खाद्य प्रयोगशालालाई पहिलोपल्ट भारतको मान्यता

**१० खाद्य समूहअन्तर्गतका वस्तु नेपाली प्रयोगशालामा नमूना परीक्षण भएपछि विनारोकतोक भारत निर्यात हुन सक्ने**

**प्रशान्त खड्का**

काठमाडौं

अब नेपालको आफ्नै प्रयोगशालामा परीक्षण भएको नेपाली खाद्यवस्तु भारत निर्यात हुने बाटो खुलेको छ। भारतले नेपालको नेशनल फुड एन्ड फिड ल्याबोरेटरी (एनएफएफआरएल) मा नमूना परीक्षण भएको १० खाद्यसमूहअन्तर्गतका वस्तु विनारोकतोक आफ्नो मुलुकमा छिर्न दिने भनी पत्राचार गरेको नेपाली अधिकारीले बताएका छन् ।

भारतको खाद्यसुरक्षा र मापदण्ड प्राधिकरण (फुड सेफ्टी एन्ड स्टयान्डर्ड्स् अर्थोरिटी अफ इन्डिया-एफएसएसएआई) ले नेपालको उक्त खाद्य प्रयोगशालालाई आपसी मान्यता दिने निर्णय गरेको पत्र भारतीय दूतावासबाट प्राप्त भएको खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सञ्जीवकुमार कर्णले जानकारी दिए । भारतले नेपाली खाद्य प्रयोगशालालाई आपसी मान्यता दिएको पहिलोपल्ट हो । गुणस्तरमा खोट देखाउँदै भारतले नेपाली खाद्यवस्तु आफ्नो मुलुकभित्र आयातमा समयसमयमा अवरोध गर्दै आएको छ । नेपालले उक्त अवरोध हटाउन नेपाली प्रयोगशालामा भएको परीक्षणलाई मान्यता दिन भारतसँगै लबिइङ गर्दै आएको थियो । मंगलवार भारतको एफएसएसएआईको प्राविधिक टोलीले काठमाडौंस्थित विभागको खाद्य प्रयोगशाला अनुगमन गरेको थियो । » बाँकी पृष्ठ ५ मा

**कस्ता खाद्य पदार्थको परीक्षणले पायो मान्यता ?**

- फ्याट्स एन्ड आयल
- फ्रुट्स एन्ड भेजिटेबल
- सिरियल्स् प्रोडक्ट्स (चामल, गहुँ, मकै, कोदो),
- टी एन्ड कफी
- मिल्क एन्ड डेरी प्रोडक्ट्स
- हनी एन्ड स्वीटनरर्स
- मिट प्रोडक्ट
- स्पाइसेज
- प्रोसेस्ड ड्रिकिङ वाटर
- डायटरी सप्लिमेन्ट्स

बीआईएस मापदण्ड पूरा गर्दै नेपाली प्लाइउड उद्योगहरू

# भारतले दियो १० उद्योगलाई निर्यात अनुमति

- भारतीय प्राविधिकको निरीक्षणपछि स्वीकृति
- २०२५ मे २८ भित्र सम्पूर्ण मापदण्ड पूरा गर्नुपर्ने
- चालू वर्षको फागुन मसान्तसम्म ६ अर्ब रूपैयाँको प्लाइउड भारत निकासी

**वेदराज पौडेल**


विराटनगर

ब्यूरो अफ इन्डियन स्टचान्डर्ड (बीआईएस) को मापदण्ड पूरा गरेका नेपालका करीब एक दर्जन प्लाइउड उद्योगले भारत निर्यात अनुमति पाएका छन् ।


बीआईएस मापदण्ड पूरा गरे पनि निर्यात अनुमति दिन ढिलाइ गरिरहेकोमा भारतले केही दिनयता १० ओटा प्लाइउड उद्योगलाई निर्यात अनुमति दिएको नेपाल प्लाइ उत्पादक संघका अध्यक्ष होमप्रसाद घिमिरेले जानकारी दिए । तर, सबै उद्योगले अनुमति पाइसकेका छैनन् । संघका अनुसार देशभित्र ४७ प्लाइ उद्योग छन् । यसअघि विराटनगरका दुईओटा उद्योगले मात्र अनुमति पाउँदा अन्य उद्योगको उत्पादन नाकामा रोकिएको थियो । घिमिरेका अनुसार अहिले बीआईएसका प्राविधिकले नेपालका प्लाइको गुणस्तर परीक्षण गरिरहेका छन् । मापदण्ड पूरा भएका उद्योगलाई विनारोकतोक प्रमाणपत्र दिने कार्य भइरहेको घिमिरेले बताए ।

नेपालबाट निकासी हुँदै आएको प्लाइउडको गुणस्तरमा प्रश्न उठाउँदै आएको ब्यूरो अफ इन्डियन स्टचान्डर्डले नेपालका प्रमुख नाकाबाट भइरहेको निकासी ३ साताअघि रोकेको थियो । अहिले गुणस्तर पाएका उद्योगको प्लाइ निकासी भइरहेको घिमिरेले जानकारी दिए । तर, यसअघि नै काँकडभिट्टा नाकाबाट जाँचपास भएर पश्चिम बंगालको पानीटंकी नाकामा पुगेपछि गुणस्तरका कारणबाट रोकिएका ३४ ओटा नेपाली ट्रक शनिवार फर्काइएका छन् । अब ती प्लाइ उद्योगले गुणस्तर पाएपछि पुनः निकासी हुने अध्यक्ष घिमिरेले बताए । » बाँकी पृष्ठ ५ मा


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




राष्ट्र बैंकको नयाँ मापदण्ड

# बचत तथा ऋण सहकारी संस्थालाई अझ बढी कडाइ

**विजय दमासे**

काठमाडौं

बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूलाई अझ बढी नियमन गर्ने गरी राष्ट्र बैंकले नयाँ निर्देशन तथा मापदण्ड ल्याएको छ ।

नेपाल राष्ट्र बैंकले ल्याएको 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड'मा सहकारी संस्थाले बैंक, वित्तीय संस्था र सहकारी बैंकबाट आफ्नो कुल सम्पत्तिको ५ प्रतिशतमात्र ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।

यसरी ऋण लिँदा पूँजी कोषको शतप्रतिशतभन्दा बढी ऋण लिन नपाइने प्रावधानसमेत समेटिएको छ । नयाँ मापदण्डमा संस्थाले एकजना सदस्यबाट संकलन गर्न सक्ने बचत रकमको समेत सीमा तोकिएको छ । जसअनुसार कार्यक्षेत्र एक जिल्ला भएकोमा १० लाख, एकभन्दा बढी जिल्ला भएकोमा २५ लाख र एक प्रदेशभन्दा बढी भएकोमा ५० लाख रुपयाँको सीमा निर्धारण गरिएको छ । गत १४ पुसअघि कायम भएको बचतको हकमा भने उक्त मितिबाट २ वर्षभित्र सीमा कायम गरिसक्नुपर्ने छ । सदस्यले १० लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा पार्दा अनिवार्य स्रोत खुलाउनुपर्ने छ ।


जथाभावी ऋण प्रवाह गर्न पनि कडाइ गरिएको छ । मापदण्डअनुसार सहकारी संस्थामा सदस्यता लिएको ३ महीना नपुगेसम्म सदस्यलाई ऋण लगानी गर्न पाइने छैन । संस्थाले प्रतिसदस्य प्राथमिक पूँजीको अधिकतम १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न नसक्ने प्रावधान ल्याइएको छ ।

संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा ५ लाख रुपैयाँमध्ये जुन कम हुन्छ, सोही बराबर मात्र विनाधितो ऋण प्रवाह गर्न सक्ने प्रावधान राखिएको छ ।

यसरी ऋण दिँदा कम्तीमा दुई सदस्यको जमानी लिनुपर्ने छ । सञ्चालकले ऋण लिन नपाउने प्रावधान राखिएको छ । विशिष्टीकृत संस्थाबाहेक ठूलो कारोबार गर्ने संस्थाले कुल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन/विस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्ने छ । यो सीमा पूरा गर्न २०८३ असार मसान्तसम्मको समय दिइएको छ ।

त्यसैगरी संस्थाले सदस्यको बचत सुरक्षणमा बढीमा ९० प्रतिशतसम्म मात्र ऋण प्रवाह गर्न सक्ने प्रावधान राखिएको छ । संस्थाले ऋणी सदस्यलाई परियोजनाको सुरक्षणमा प्रवाह गरिएको ऋणमा कुल परियोजना लागतको ८० प्रतिशतसम्म मात्र किस्ताबन्दीमा ऋण प्रवाह गर्न सक्नेछ । » बाँकी पृष्ठ ५ मा

- कार्यक्षेत्रअनुसार एक सदस्यबाट संकलन गर्न पाउने बचतमा १०, २५ र ५० लाख रूपैयाँको सीमा
- २०८१ पुस १४ अघि कायम रहेको बचतको हकमा २ वर्षमा सीमाभित्र ल्याइसक्नुपर्ने
- एकजना सदस्यलाई प्राथमिक पूँजीको अधिकतम १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न नपाउने
- सहकारी संस्थाले बैंक, वित्तीय संस्था र सहकारी बैंकबाट आफ्नो कुल सम्पत्तिको ५ प्रतिशतमात्र ऋण लिन सक्ने
- विशिष्टीकृतबाहेक ठूलो कारोबार गर्ने संस्थाले कुल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन/विस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्ने



भोटाहिटीमा शनिवार सेतो मच्छेन्द्रनाथको रथलाई तीनधारा पाठशालाबाट असनतर्फ लगिँदै । *तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# चितवनमा 'मेड इन नेपाल' एक्स्पो हुँदै

**सूर्यप्रसाद अधिकारी**
चितवन

चितवनको भरतपुरमा तेस्रो संस्करणको मेड इन नेपाल एक्स्पो एण्ड फुड फेस्टिवल हुने भएको छ । देशभरका नेपाली उत्पादनलाई प्रवर्द्धन र बजारीकरण गर्ने उद्देश्यसहित एक्स्पो गर्न लागिएको हो ।

मेड इन नेपाल चितवन च्याप्टरको आयोजनामा यही चैत २९ गतेदेखि वैशाख २ गतेसम्म क्याम्पाचौर नारायणगढमा एक्स्पो हुन लागेको हो । एक्स्पोमा हरेक दिन बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म प्रदर्शनी हुनेछ भने बेलुका ६ बजेदेखि राति ९ बजेसम्म सांगीतिक प्रस्तुति हुने आयोजकले बताएको छ ।

एक्स्पो तथा फुड फेस्टिवलमा देशका विविध जातीयता र क्षेत्रीय भान्साका विभिन्न परिकारहरूको प्रदर्शनी गरिने मेड इन नेपाल चितवन च्याप्टरका अध्यक्ष तथा फुड फेस्टिवल संयोजक उमेश श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार एक्स्पोमा कृषि,

**मेड इन नेपाल चितवन च्याप्टरको आयोजनामा यही चैत २९ गतेदेखि वैशाख २ गतेसम्म क्याम्पाचौर नारायणगढमा एक्स्पो हुन लागेको हो । एक्स्पोमा हरेक दिन बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म प्रदर्शनी हुनेछ ।**

निर्माण सामग्री, प्रविधि, हस्तकला, परम्परागत कपडा, फुड एण्ड बेभरेज, ग्रीन इन्डस्ट्री, रियल स्टेट, टेक्नोलोजी तथा इनोभेसन लगायत विभिन्न क्षेत्रमा क्रियाशील व्यवसायीहरू सहभागी हुनेछन् ।

'मेड इन नेपाल एक्स्पो एक प्रदर्शनी कार्यक्रम नभई नेपाली उत्पादन, युवा व्यवसायशीलता र सांस्कृतिक पहिचानको उत्सव हो, जसले आत्मनिर्भर नेपाली अर्थतन्त्रको सपनालाई मूर्तरूप दिन योगदान गर्छ,' उनले भने ।

सयभन्दा बढी स्टलहरू रहने एक्स्पोमा प्रत्येक दिन राष्ट्रिय तथा स्थानीयस्तरका कलाकारहरूको प्रस्तुति समेत रहने मेड इन नेपाल चितवन च्याप्टरका पूर्वअध्यक्ष निरन्जन न्यौपानेले जनाकारी दिए । 'गतवर्ष चितवन महोत्सव परिसरमा आयोजना गरिएको मेड इन नेपाल एक्स्पो यसपटक छुट्टै स्थानमा गर्न लागिएको हो,' उनले भने, 'ग्रामीण क्षेत्रका उद्यमी तथा अल्पसंख्यक समुदायका लागि स्टल निःशुल्क व्यवस्था गरिएको छ ।'

सांगीतिक कार्यक्रममा चैत २९ गते द एज व्याण्ड, चैत ३० गते रकहेड, चैत ३१ गते पूर्ण राई र द परिवर्तन, वैशाख १ गते द स्वर र वैशाख २ गते उदय र झक्कासको विशेष प्रस्तुति रहनेछ ।

फुड फेस्टिवल तथा सांगीतिक प्रस्तुति हेर्नका लागि टिकटको व्यवस्था गरिएको छ । खल्ती एपमार्फत अग्रिम टिकट खरिद गर्दा प्रतिटिकट ३०० रुपैयाँ लाग्नेछ भने सोही दिन एपमार्फत वा काउन्टरबाट टिकट किन्दा ५०० रुपैयाँ शुल्क लाग्ने बताइएको छ । प्रदर्शनी अवलोकन गर्दा भने कुनै शुल्क लाग्नेछैन ।

# भोजपुरको मानेभञ्ज्याङमा 'तरकारी सिकाई केन्द्र' स्थापना

भोजपुर । भोजपुरको रामप्रसादराई गाउँपालिका-५ मानेभञ्ज्याङमा तरकारी सिकाइ केन्द्र स्थापना गरिएको छ । किसानलाई तरकारीलगायत विभिन्न कृषि उपजको आधुनिक खेती प्रणालीको विषयमा अभ्यासमूलक ज्ञान प्रदान गर्न सिकाइ केन्द्र स्थापना गरिएको हो ।

गाउँपालिका र वडाको सक्रियतामा स्थापना गरिएको सिकाइ केन्द्रमार्फत किसानलाई नविनतम् खेती प्रणालीको विषयमा जानकारी दिने कार्य भइरहेको वडाध्यक्ष जगत चौहानले बताए । सिकाइ केन्द्रमा गोलभैँडा, अकबरे खुर्सानी, काउली बन्दा, धनियाँ, मेथी, बैगुनलगायत नगदेबालीको व्यावसायिक र आधुनिक खेती प्रणालीको बारेमा किसानलाई अभ्यासमूलक शीप प्रदान गर्ने काम गरिएको वडाध्यक्ष चौहानको भनाइ छ ।

'हामीले कृषि सिकाइ केन्द्र स्थापना गरेर किसानलाई आवश्यक ज्ञान शीप प्रदान गरिरहेका छौं,' वडाध्यक्ष चौहानले भने, 'किसानमा खेती प्रणालीसम्बन्धी ज्ञान नहुँदा धेरै समस्या छ । कृषि प्राविधिकको प्रत्यक्ष निगरानीमा यहाँका काम हुने भएको किसानलाई नवीनतम खेती प्रणालीको विषयमा ज्ञान लिन सहज छ ।'

यहाँ करीब साढे पाँच रोपनी क्षेत्रमा सिकाइ केन्द्र स्थापना गरी विभिन्न जातका तरकारीको नमूनाखेती गरिएको छ । तरकारीखेती गर्न



इच्छुक किसानले यहाँ आएर ज्ञान, शीप लिँदै आएका छन् । सिकाइ केन्द्र स्थापनाले व्यावसायिक र आधुनिक खेती गर्न धेरै ज्ञान प्राप्त गर्ने अवसर मिलेको स्थानीय किसान दलबहादुर खत्रीले बताए । मानेभञ्ज्याङमा किसानलाई आधुनिक कृषि प्रणालीको विषयमा अभ्यासमूलक ज्ञान प्रदान गर्नको लागि रू. दुई लाखको लागतमा तरकारी सिकाइ केन्द्र स्थापना गरिएको गाउँपालिकाका कृषि शाखा प्रमुख धीरज ठाकुरले बताए । सिकाइ केन्द्रबाट आधुनिक खेती प्रणालीसँगै जैविक मल, विषाधिको प्रयोग तथा बनाउनेको लागि समेत ज्ञान दिइएको उनको भनाइ छ । *रासस*

# तीन वर्षमा बन्नुपर्ने सडक पाँच वर्षमा पनि बनेन



नवलपरासी । नवलपरासीको बर्दघाट नगरपालिका-१४ नारायणचोकदेखि त्रिवेणी जाने निर्माणाधीन हुलाकी सडक पाँच वर्षदेखि अलपत्र छ । यो खण्ड निर्माणका लागि बज्रगुरु र महालक्ष्मी जेभी कन्स्ट्रक्सनले ठेक्का पाएको थियो । २०७९ मा सम्पन्न गर्ने गरी २०७६ सालमा ठेक्का लगाइएको सडकको काम हालसम्म ४० प्रतिशत मात्र सम्पन्न भएको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, कपिलवस्तुका सूचना अधिकारी पवित्रमणि आचार्यले जानकारी दिए ।

उनका अनुसार ५८ करोडको लागतमा १५ किलोमिटर सडक कालोपत्र गर्ने भनिएकोमा तीनपटक पत्राचार गरे पनि ठेकेदारले थप काम अगाडि बढाएको छैन । ताकेता गर्दा पनि काम नभएपछि ठेक्का तोडेर कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको सूचना अधिकारी आचार्यले बताए ।

प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले आफूहरूले सडक निर्माणका लागि पटक-पटक अनशन बस्ने र विरोध प्रदर्शनमार्फत ध्यानाकर्षण गराए पनि काम अगाडि नबढेको बताए । उनका अनुसार सडकको धूलो घरभित्र पस्दा सडक वरपरका स्थानीय पीडित छन् । धूलोले आँखा चिलाउँछ, छाती दुख्ने समस्या हुन्छ, काम गर्ने क्रममा तथा घरभित्र बस्दा नाक, मुखमा धूलो पस्छ, घरवरिपरि धूलैधूलो हुने, बिहान सफा गरेको घर बेलुका उस्तै हुने समस्या छ ।

बर्दघाट नगरपालिकाका उपाध्यक्ष रुद्रप्रकाश उपाध्यायले लामो समयसम्म काम नहुँदा यात्रुलाई मात्रै नभएर स्थानीय बासिन्दालाई पनि धूवाँधूलोले निकै समस्या भएको बताए । पृथ्वीचन्द्र अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. नरुल होदाले सडकको धुलोले त्यस क्षेत्रका नागरिकमा श्वासप्रश्वास, एलर्जी, आँखा चिलाउने, खोकी लाग्नेजस्ता रोगको समस्या बढेको बताए । *रासस*

## नारायणगढ-बुटवल सडक

# पूर्वी खण्डमा २९ ओटा पुल निर्माण

नारायणगढ । नारायणगढ-बुटवल सडकविस्तार योजनाअन्तर्गत पूर्वी खण्डमा २९ ओटा पुल निर्माण भएको छ । योजनाको पूर्वी खण्ड नवलपुरमा पर्ने २९ ओटा पुल निर्माणको काम सकिएको नारायणगढ-बुटवल सडक विस्तार योजनाका सूचना अधिकारी शिव खनालले जानकारी दिए ।

गैंडाकोटदेखि दाउन्नेसम्मको पूर्वी खण्डमा ३४ ओटा पुल निर्माण गर्नुपर्नेमा अब पाँचओटा पुल मात्र निर्माणको काम बाँकी छ । यस खण्डमा २५ मिटर लम्बाइसम्मका छोटा २२ ओटा पुल र २५ मिटरभन्दा लामा १२ ओटा पुल निर्माण गर्नुपर्नेमा छोटा सबै पुल निर्माणको काम सकिएको छ ।

लामो पुलमा जय श्री र बेल्डियाका दुईओटा पुलमा ढलानको काम बाँकी रहेको सूचना अधिकारी खनालले बताए । यी पुलहरू केही दिनमा ढलानको काम हुनेछन् । ढलान भएका लामा पुल केही सञ्चालनमा आएको र बाँकी रहेका पुलसमेत चाँडै सञ्चालनमा ल्याउने तयारी गरिएको उनले जानकारी दिए ।

दुई सय मिटरभन्दा लामा पुल गिरुवारी खोला, अरुणखोला र विनयी खोलाको पुल निर्माणको



कामसमेत अघि बढिरहेको छ । ती पुलमध्ये दुम्किबासमा रहेको विनयी खोलाको पुरानो पुल भाँचिएको कारण अहिले उक्त स्थानका नयाँ पुल निर्माण गर्न लागिएको छ ।

विनयी खोलामा अहिले सवारी डाइभर्सनबाट सञ्चालनमा रहेको र पानी परे समस्या हुन सक्ने भएकाले नयाँ पुल निर्माणलाई प्राथमिकता दिइएको उनले बताए । 'दुई सय मिटर लामा तीनओटा पुलमध्ये विनयी खोलामाथि निर्माण हुन लागेको पुल निर्माणमा केन्द्रित छौं । उक्त स्थानमा पुरानो पुल भाँचिएकाले नयाँ पुल चाँडै निर्माण गर्न लागेका छौं, ढिलोमा जेठ पहिलो हप्तामा नयाँ पुलको काम सकेर सवारी चलाउने लक्ष्य छ,' सूचना अधिकारी खनालले भने ।

विनयी खोलाको चार ओटा स्पानमा काम गर्न बाँकी रहेको उनको भनाइ छ । त्यसका लागि बिमहरू तयार भएकाले लगेर राख्ने र लगत्तै ढलानको तयारी गरिने सूचना अधिकारी खनालले बताए । उनका अनुसार चालू आर्थिक वर्षमा चोरमारामा रहेको गिरुवारी खोला र अरुणखोलाको पुल बाहेक सबै पुल निर्माण सम्पन्न हुनेछन् ।

एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा २०७५ माघ २४ गते सम्झौता भएर नारायणगढ-बुटवल सडक विस्तारको काम चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले गरिरहेको छ । निर्धारित समयमा काम सम्पन्न नभएपछि ८ साउन २०८१ सम्मका लागि दोस्रोपटक म्याद थप भएको थियो । उक्त अवधिमा समेत काम नसकिएपछि गत साउनमा ८ साउन २०८२ सम्मका लागि तेस्रोपटक म्याद थप गरिएको छ । तेस्रोपटक थपिएको अवधिमा पनि काम सकिने अवस्था लगभग टरेको छ ।

एक सय १३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ ६-६ मिटरको 'सर्भिस लेन' हुनेछ । दाउन्नेमा १४ किलोमिटर तीन लेनको सडक हुनेछ । *रासस*

# सोमवारदेखि कराते प्रतियोगिता हुने

काठमाडौं । नेपाल सितोरियो कराते डो संघ, प्रयोगपोखरी डोजाको आयोजनामा शहिद सागर सिंह तथा ज्ञानबहादुर शाही स्मृति कराते प्रतियोगिता सोमवारदेखि आयोजना हुने भएको छ । प्रतियोगितामा करिब ६ सय खेलाडीको सहभागिता रहने प्रतियोगिता संयोजक गोपाल महर्जनले जानकारी दिए । पुरुष तथा महिलामा एकल काता र कुमुतेमा समान ११-११ गरी २२ स्पर्धामा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाबाट ३५ टिमको सहभागी हुने आयोजक डोजोका प्रशिक्षक विकास महर्जनले जानकारी दिए । बागमती प्रदेशका सांसद रामकृष्ण चित्रकारले युवा खेलाडीलाई संगठित गर्न र शहिदप्रति सम्मान व्यक्त गर्न प्रतियोगिता महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।




प्रतियोगिता सञ्चालन गर्न करीब रू. १५ लाख खर्च हुने आयोजकले जनाएको छ । ललितपुर महानगरपालिकाको मुख्य प्रायोजन तथा महालक्ष्मी नगरपालिका र गोदवारी नगरपालिकाको सहप्रायोजनमा हुने दुईदिने प्रतियोगिताका खेलहरू आदर्श कन्या निकेतनमा खेलाइनेछ । *रासस*


# डढेलोबाट घर जोगाउनै मुस्किल

पाँचथर । बुधवारदेखि तमोर नदीको किनार साँवासेराको जंगलमा डढेलो लागेपछि जंगल नजिकै घर भएका गाउँले समस्यामा थिए । अकस्मात् डढेलो आइपुग्यो भने खर फुसको छानो भएका घर गोठ जोगाउने कुनै उपाय नहुने पीर गाउँलेमा थियो ।

सुक्खाले अत्यधिक प्रभावित यस स्थानमा वर्षा नभएको पनि ६ महीना भइसकेको छ । वर्षा नहुँदा सुक्खाले पात पतिंगर सबै सुकिसकेका छन् । त्यसमाथि हावाहुरी अत्यधिक चलिरहेको थियो । बुधवारदेखि सल्किएको डढेलो गाउँ आइपुग्न धेरै समय लागेन । साँवासेरामा लागेको डढेलो शुक्रवार कुम्मायक गाउँपालिका-१ यासोकको टङटङे र लेकेताम वनसम्म आइपुगेको थियो ।

डढेलो गाउँमा जानबाट रोक्न अग्नि रेखा निर्माण भएको थिएन । सुक्खाले प्रभावित गाउँमा आगो निभाउने गरी प्रशस्तै पानी हुने नै भएन । कुम्मायक गाउँपालिकाका कर्मचारी समेत रहेका काफ्लेपानीका कमल श्रेष्ठ शुक्रवार छिमेकी वीरबहादुर लावतीको घरको छानोमा बाल्टीभरि पानी लिएर बसेका थिए ।

घरको वरिपरी डढेलोबाट निस्केको धुँवाले ढाकिसकेको थियो । खरको छानो भएको उक्त घरमा हावाहुरीले आगोको झिल्का ल्याइपुऱ्याए जोगाउन नसकिने भएपछि उनले करीब दुई घण्टा पानी बोकेर छानो माथि बसे । 'आगो घरभन्दा करीब ५० मिटर मुनि जंगलमा आइसकेको थियो । त्यहाँ बाँसको झाँङ पनि थियो । आगो लागेपछि बाँसका पात हावामा उड्छन् । आगो सल्किएका पात र झिल्को खरको छानोमा आइपुग्ला कि भनेर बाल्टीमा पानी लिएर छानोमा



**संघ, प्रदेश र स्थानीय सरकारले नागरिकका घरमा जस्तापाता लगाउने विभिन्न कार्यक्रम चलाए पनि अझैसम्म सबै घरमा जस्तापाता पुग्न सकेको छैन ।**

बसेको हुँ,' उनले भने, 'आगोको झिल्को आइपुग्ना साथ बाल्टीको पानी छ्यापेर निभाउने प्रयास गरेका हौं ।'

श्रेष्ठले छिमेकीको छानो रुँघ्ने र अरू गाउँलेले घर नजिकै आइपुगेको आगो निभाउने काम गरेका थिए । उनी जस्तै आगो निभाउन गएका अरू मानिस खरको छानो भएका घरको छानोमा पानी लिएर बसेका थिए । करीब १५ घरलाई यसरी छानो रुँघेर जोगाइएको श्रेष्ठको भनाइ छ । सुक्खाले अत्यधिक प्रभावित कुम्मायक गाउँपालिका-१ यासोक, वडा नं ३ रानीगाउँ, वडा नं ४ रानीगाउँ र वडा नं ५ स्याबरुम्बाका विभिन्न वनमा डढेलो लागेको छ । वनमा लागेको डढेलो हावाहुरीका कारण क्षणभरमा नजिकै रहेका वस्तीमा पस्ने गरेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारले नागरिकका घरमा जस्तापाता लगाउने विभिन्न कार्यक्रम चलाए पनि अझैसम्म सबै घरमा जस्तापाता पुग्न सकेको छैन ।

वनमा लागेको डढेलो गाउँमा पस्दा शनिवार मात्रै सो स्थानका घनेन्द्र दर्जी बसोबास गर्दै आएको घरको भान्साघर जलेको श्रेष्ठले जानकारी दिए । सोही डढेलो वस्तीमा पस्दा उक्त वडाको खाल्डेका दीर्घबहादुर खत्री, देवेन्द्र राई, यामकुमार चाम्लिङ, विष्णु राई, पहलमान कार्की, देवेन्द्र कार्की, डिकबहादुर कार्कीको घर, गोठ, अन्नपात, लत्ताकपडा, पशु चौपाया समेत जलेका छन् ।

कुम्मायक गाउँपालिकाकै वडा नं ३ ताम्राखु वनमा लागेको डढेलोमा परी स्थानीय २६ वर्षीया प्रतिमा सम्बाहाम्फेको बिहीवार मृत्यु भएको थियो । बिहीवार दिउँसो प्रतिमासँगै २८ वर्षीया सपना सम्बाहाम्फे, ११ वर्षीया शिवाना सम्बाहाम्फे र ६० वर्षीया निरमाया सम्बाहाम्फे घाँस काट्न जंगल गएका थिए ।

आगलागीबाट जोगिन भाग्ने क्रममा उनीहरूलाई आगोको लप्काले भेटेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । घाइते रहेका सपना, शिवाना र निरमायाको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा आजसम्म उपचार गरी थप उपचारका लागि कीर्तिपुर जलन अस्पताल पुऱ्याइएको कुम्मायक-३ का वडाध्यक्ष बाबुराम कार्कीले जानकारी दिए । *रासस*

# गुल्मीको तम्घास-रिडी सडक एक महीना बन्द हुने

गुल्मी । मदन भण्डारी राजमार्गअन्तर्गत निर्माणाधीन गुल्मीको तम्घास-रिडी सडक एक महिनासम्म बन्द हुने भएको छ । उक्त सडकको रुरुक्षेत्र गाउँपालिकाअन्तर्गत ठूलढुङ्गा भिर क्षेत्रमा पहरो फोर्ने, सडक चौडा गर्नेलगायत कामका लागि एक महिनासम्म सडक बन्द गरिने मदन भण्डारी राजमार्ग आयोजना कार्यालयले जनाएको छ ।

सडक निर्माणका लागि निर्माण व्यवसायीबाट माग भएअनुसार आज (शनिवार)देखि आगामी वैशाख २२ गतेसम्म सवारीसाधन पूर्णरूपमा बन्द गरिने कार्यालयका प्रमुख एवं इञ्जिनीयर रमेश चौधरीले जानकारी दिए । तम्घास-रिडी खण्ड बन्द भएपनि सवारीसाधनलाई वैकल्पिक मार्गको व्यवस्था गरिएको उनले बताए ।

रुरुक्षेत्रको पानीटङ्की थोर्गा-स्यालपोखरी-स्याल बिसौँनाबाट रातामाटा सडक हुँदै रिडी-छत्रकोटको पिपलनेटा-दिगाम हुँदै रिडी-लुम्छा-धरमपानी-दिगाम हुँदै रिडी र गुल्मीदरबारको घुम्टी-चारपाला-खर्ज्याङ हुँदै रिडी सडक वैकल्पिक मार्गका रूपमा व्यवस्था गरिएको इञ्जिनीयर चौधरीले जानकारी दिए । उनका अनुसार राजमार्ग आयोजना कार्यालयले सूचना सार्वजनिक गर्दै तम्घास-रिडी खण्डको प्रयोग नगर्न जानकारी दिएको हो ।

सडक नियमित सञ्चालन गरी काम गर्दा यात्रु र सवारीसाधनमा जोखिम हुनसक्ने भन्दै निर्माण व्यवसायीको मागअनुसार एक महिनाका लागि वैकल्पिक व्यवस्थासहित उक्त खण्ड पूर्णरूपमा बन्द गरिएको कार्यालय प्रमुख चौधरीले बताए । 'आवश्यक समन्वयका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय पालीका तथा अन्य सरोकार भएका निकायलाई आग्रह पनि गरेका छौं,' उनले भने । *रासस*

# तनहुँमा शैक्षिक सत्र अगावै पाठ्यपुस्तक आइपुग्यो

तनहुँ । तनहुँमा शैक्षिक सत्र अगावै पाठ्यपुस्तक आइपुगेको छ । शैक्षिक सत्र २०८२ सुरु हुनुपूर्व नै जिल्लामा सबै पाठ्यपुस्तक आएको हो । सामुदायिक विद्यालयका एक सय प्रतिशत र निजी विद्यालयका ९५ प्रतिशत पुस्तक जिल्लामा आइसकेको पुस्तक व्यवसायी महासंघका केन्द्रीय कोषाध्यक्ष ताराराम श्रेष्ठले जानकारी दिए । उनले भने, 'निजी विद्यालयका केही पुस्तक मात्रै आउन बाँकी छन् । अरू सबै आइसक्यो ।'

जनक शिक्षा सामग्रीमार्फत सबै पुस्तक जिल्लामा आइपुगेको उनले जानकारी दिए । विगतका वर्ष जस्तै यस वर्ष पनि शैक्षिक सत्र अगावै जिल्लामा पाठ्यपुस्तक आएको उनको भनाइ छ । जिल्लाभर ६० पुस्तक व्यवसायी छन् । सबै व्यवसायीले केही दिनमै पाठ्यपुस्तक बिक्री वितरण थाल्ने उनले बताए ।

जिल्लामा समयमै पाठ्यपुस्तक आएकाले विगतका वर्षमा जस्तो समस्या नहुने शिक्षा विकास तथा समन्वय इकाइ तनहुँका प्रमुख उद्धवराज कट्टेलको भनाइ छ । इकाइका अनुसार तनहुँमा पाँच सय ५१ सामुदायिक र एक सय १९ निजी विद्यालय छन् । आँबुखैरेनी गाउँपालिका-४ भाँगेस्थित छिम्केश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र न्यौपानेले आज विद्यालयमै पाठ्यपुस्तक आइपुग्ने जानकारी दिए । भर्ना अभियानसँगै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिने उनले बताए । उनले भने, 'वैशाख २ गतेदेखि कक्षा सञ्चालन हुँदैछ । भोलिदेखि नै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिनेछ ।' *रासस*



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको टेंगलचोकमा गाडा मर्मत गर्दै एक गाडा चालक । शहरका भित्री गल्लीहरूमा सामान ढुवानी, ओसारपसार गर्न अझै पनि गाडाको प्रयोग गरिन्छ ।**

## मुक्तिनाथ विकास बैंक र साउथवेस्टर्न बिजनेश कलेजबीच सम्झौता

काठमाडौं (अस) । मुक्तिनाथ विकास बैंक र साउथवेस्टर्न बिजनेश कलेजबीच बैंकिङ साक्षरता र व्यवसाय आदनप्रदान गर्ने उद्देश्यले सम्झौता भएको छ । यस सम्झौता अनुसार बैंकले कलेजका



विद्यार्थीलाई बैंकिङ साक्षरता कार्यक्रम प्रदान गर्नेछ, जसद्वारा विद्यार्थीले आधुनिक बैंकिङ प्रणाली, वित्तीय योजना र लगानीका बारेमा ज्ञान प्राप्त गर्न सक्नेछन् । साथै, बैंकले योग्य विद्यार्थीलाई इन्टर्नशिप र प्रशिक्षणको सुविधा पनि उपलब्ध गराउने बताइएको छ । सहकार्यबाट कलेजका विद्यार्थीको क्षमता विकास गर्ने, वित्तीय जागरण तथा विद्युतीय कारोबारको जोखिमको बारेमा सचेतना बढाउने र रोजगारीको अवसर समेत प्राप्त गर्न सकिने अपेक्षा गरिएको छ ।

बैंकले हालै मोबाइल एक फाइदा अनेक लिन सकिने 'मुक्तिनाथ फाइदा एप' सञ्चालनमा ल्याएको छ । त्यसैगरी मोबाइल बैंकिङ, क्यूआर कोड स्क्यान, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामा रेमिट्यान्स जम्मा जस्ता कार्य बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ ।

## नेपाल लाइफलाई 'बेस्ट लाइफ इन्स्योरेन्स कम्पनी अफ दी एयर २०२५' अवार्ड



काठमाडौं (अस) । जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी 'बेस्ट लाइफ इन्स्योरेन्स कम्पनी अफ दी एयर २०२५' बाट सम्मानित भएको छ । सत्रौं कर्पोरेट बिजनेस अवार्ड्स २०२५ मा कम्पनी लाइफ इन्स्योरेन्स विधामा उक्त अवार्डबाट सम्मानित भएको हो । यस अवार्डका लागि मनोनीत लाइफ इन्स्योरेन्स कम्पनीमध्येबाट नेपाल लाइफले यो अवार्ड प्राप्त गरेको हो । काठमाडौंमा आयोजित एक कार्यक्रम बीच कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयालले उक्त सम्मान ग्रहण गरेका हुन् ।

नेपाली बीमा कम्पनीको वित्तीय विवरण, सूचकांक, सुशासन दाबी भुक्तानीको अनुपात, चुक्तापूँजी, प्रथम बीमा शुल्क आर्जन, कम्पनीद्वारा मानव संसाधनको विकासमा गरिएको लगानी, लगानी विविधीकरणमा गरिएका कार्य, अटोमेसन तथा डिजिटल ट्रान्सफर्मेसनको क्षेत्रमा गरिएका कार्य, संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएका कार्यक्रम जस्ता मापदण्डलाई मूल्यांकन गर्दै कम्पनीलाई यो सम्मान प्रदान गरिएको बताइएको छ । कार्य कुशलता, प्रभावकारिता, पारदर्शी नीति तथा योजना, आम जनमानसको विश्वसनीयता, लोकप्रियता, चुस्त, सहज र विस्तारित सेवा प्रवाहको आधारमा सर्वोत्कृष्ट रहँदै कार्यसम्पादन गरेकाले कम्पनीलाई अवार्डबाट सम्मानित गरिएको कम्पनीद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

## गैरीधाराको सिल्भर ओकमा 'किया एक्सचेञ्ज कार्निभल'




काठमाडौं (अस) । नेपालका लागि कियाको आधिकारिक विक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले काठमाडौंको गैरीधारास्थित सिल्भर ओक ब्यांक्वेटमा शुक्रवार 'किया एक्सचेञ्ज कार्निभल' शुरू गरेको छ । आज (आइतवार)सम्म चल्ने कार्निभलले सवारीसाधनका पारखीलाई कियाको उन्नत विद्युतीय वा भरपर्दा आईसीई गाडीमा अपग्रेड हुने अद्वितीय अवसर प्रदान गर्ने कम्पनीको विश्वास छ ।

कार्निभलका अवसरमा जुनसुकै ब्रान्डका पुराना गाडी आकर्षक मूल्यमा विक्री गरी कियाका गाडी लिन सकिने कम्पनीले जानकारी दिएको छ । कार्निभलमा कियाका गाडीको टेस्ट ड्राइभमा सहभागीका लागि कम्पनीले विशेष उपहारको व्यवस्था गरेको बताइएको छ । कार्निभलमा एक्सचेञ्ज बोनसबापत ६ लाख रुपैयाँसम्म र नगद भुक्तानी गरेर गाडी किन्दा ६ लाख रुपैयाँसम्म छूट पाइनेछ । त्यसैगरी गाडी खरीदकर्तालाई सहज तरीकाले बैंक, वित्तीय संस्थाबाट फाइनान्सको व्यवस्था मिलाइएको छ । कम्पनीले विक्री गर्ने गाडीमा एक वर्षसम्मको सडक कर र एक वर्षको पूर्ण बीमा आफैले बेहोर्ने नीति लिएको बताइएको छ । कार्निभलमा ग्राहकले एक्सचेञ्ज गर्ने सवारीसाधनको आकर्षक मूल्यांकन र एक्सचेञ्ज बोनसको समेत लाभ लिन सक्नेछन् । कियाले कार्निभलमा सोनेट र सेल्टोसका ४-४ भेरियन्ट, कारेन्सको ग्राभिटी एडिसन (२०२५), ईभी६ र ईभी९ प्रस्तुत गरेको छ ।

## सामसङको ग्यालेक्सी एम१६ फाइभजी सार्वजनिक

काठमाडौं (अस) । सामसङ नेपालले एम सिरिजमा नयाँ मोन्स्टर डिभाइस ग्यालेक्सी एम१६ फाइभजी सार्वजनिक गरेको छ । यो फोनमा स्टाइल र नवीनताको उत्कृष्ट संयोजन रहेको बताइएको छ, जसले हरेक प्रयोगकर्तालाई नयाँ सम्भावनाको ढोका खोल्ने कम्पनीको अपेक्षा छ ।

ग्यालेक्सी एम१६ फाइभजी मोन्स्टर इनोभेसन र पर्फर्मेन्सका साथ आएको बताइएको छ, जसले एम सिरिजको परम्परालाई निरन्तरता दिएको छ । नयाँ डिजाइनसहितको ग्यालेक्सी एम१६ फाइभजी स्टाइल र पर्फर्मेन्स दुवैमा सुधार ल्याउन तयार गरिएको बताइएको छ र यसमा सेग्मेन्ट-अग्रणी एफएचडी प्लस सुपर अमोल्ड डिस्प्ले, ६ वर्षको ओएस अपग्रेड र सुरक्षा अपडेट पनि भएकोले एउटा नयाँ मापदण्ड नै सामसङ नेपालका निर्देशक प्रणय रत्न स्थापितले बताए ।

नयाँ लिनियर ग्रुप क्यामेरा मोड्युल, सन्तुलित र बोल्ड रङ संयोजन र ७.९ एमएम स्लिम डिजाइनले यो डिभाइसलाई स्टाइलिस र ट्रेन्डी बनाएको बताइएको छ । यो मोबाइल ब्लस पिंक, मिन्ट ग्रिन र थन्डर ब्ल्याक रङमा उपलब्ध रहेको बताइएको छ । ग्यालेक्सी एम१६ फाइभजीमा मिडिया टेक डाइमेन्सिटी ६३०० प्रोसेसर प्रयोग गरिएको छ, जसमा ५० एमपीको मुख्य



क्यामेरा, ५ एमपी को अल्ट्रावाइड, २ एमपीको माइक्रो क्यामेरा र १३ एमपीको फ्रन्ट क्यामेरा रहेको बताइएको छ । मोबाइलमा ५ हजार एमएएच ब्याट्री र २५ वाटको चार्जर रहेको कम्पनीको भनाइ छ । यसको मूल्य २६ हजार ९९९ रहेको बताइएको छ । भुक्तानी किस्ताबन्दीमा गर्न सकिने बताइएको छ ।

## नेपाल वित्तीय संस्था कर्मचारी संघको प्रभातफेरी




काठमाडौं (अस) । नेपाल वित्तीय संस्था कर्मचारी संघले आफ्नो ३५औं स्थापना दिवसका अवसरमा शुक्रवार काठमाडौंमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरेको छ । काठमाडौंको भृकुटीमण्डपमा सम्पन्न प्रभातफेरी कार्यक्रममा पूर्वअर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महत प्रमुख अतिथि थिए ।

संघका अध्यक्ष पदमराज रेग्मीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रतिनिधिसभा सदस्य सञ्जय गौतम विशिष्ट अतिथिको रूपमा सहभागी थिए । कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवर र पूर्वअध्यक्ष लक्ष्मणबहादुर बस्नेत विशेष अतिथिको रूपमा सहभागी थिए ।

संघले श्रमको सम्मान, बैंक तथा वित्तीय संस्था/कर्मचारीमाथिको आक्रमण रोक्न र समस्त वित्तीय क्षेत्रमा पूर्ण सुरक्षाको ग्यारेन्टी गर्न माग गरेको छ । त्यसैगरी संगठित हुने, सामूहिक सौदाबाजी गर्ने श्रमिकको मौलिक अधिकार सुनिश्चित गर्न र काम गर्ने समय/विश्राम/सुरक्षासम्बन्धी श्रम ऐनको व्यवस्था कार्यान्वयन गर्न पनि आग्रह गरेको छ ।

आयकर छूटको सीमा वृद्धि गर्नुपर्नेमा जोड दिएको संघले वित्तीय क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्न र सामाजिक सुरक्षामा लगाइने दोहोरो कर खारेज गर्न माग गरेको छ । नीति निर्माणमा श्रमिकको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्ने र श्रम ऐन कानूनको पूर्ण कार्यान्वयन गर्नुपर्ने संघको माग छ । अन्तरराष्ट्रिय श्रम संगठन (आइएओ) अभिसन्धी नम्बर ८७ अनुमोदन गर्न माग गरेको संघले सुमधुर औद्योगिक वातावरण निर्माण र बढ्दो महँगी नियन्त्रण गर्नुपर्नेमा जोड दिएको छ ।

## एससीटी यूपीआई कार्डमार्फत भुक्तानी गर्दा अतिथि रिसोर्टमा छूट

काठमाडौं (अस) । भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (एससीटी) र फोर स्टार रिसोर्ट 'अतिथि रेसोट एन्ड स्पा'बीच एससीटी-यूपीआई कार्डका ग्राहकलाई रिसोर्टका सेवामा १५ प्रतिशतसम्म छूट हुने सम्झौता सम्पन्न भएको छ ।

एससीटी-युपिआई कार्ड प्रयोगकर्ताले यो छूट पाउन रिसोर्टमा एससीटी-यूपीआई कार्डमार्फत भुक्तानी गर्नु पर्नेछ । ग्राहकले यूपीआई कार्डमार्फत भुक्तानी गर्दा फुड, बेभरेज र स्पा बिलमा १० प्रतिशत छूट तथा रूमको शुल्कमा १५ प्रतिशत छूट पाउने बताइएको छ । रूमको शुल्कमा पाइने छूटको लागि पोइन्ट अफ सेल (पोस) मार्फत कारोबार गर्नुपर्ने बताइएको छ ।

एससीटीले हाल २१ ओटा बैंक तथा वित्तीय संस्था र १०० भन्दा बढी सहकारी संस्थामार्फत यूपीआई कार्ड जारी गर्दै आएको छ । यो अफरमार्फत कार्डको अधिकतम प्रयोग गराउने र कार्डमार्फत नगदरहित कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्य रहेको छ । यूपीआई कार्डमार्फत नहुनेले पनि यस अफरमा सहभागी हुन नजिकैको बैंक तथा वित्तीय संस्थामा गएर यूपीआई कार्ड माग गर्न आग्रह गरिएको छ ।

## खोटाङ र बिर्तामोड उद्योग वाणिज्य संघको वार्षिक साधारणसभा

**अभियान संवाददाता**

विराटनगर

खोटाङ उद्योग वाणिज्य संघको २६औं र बिर्तामोड उद्योग वाणिज्य संघको सातौं साधारणसभा सम्पन्न भएको छ। दुवै साधारणसभाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले गरेका थिए । राउतले बिर्तामोडको आर्थिक क्षेत्रमा भएको प्रगतिको सराहना गरे ।

अध्यक्षले बिर्तामोड पूर्वी नाकामा रहेको ताप्लेजुङ, पाँचथर, इलाम लगायत पहाडी जिल्लाको मुख्य बजारका रूपमा विस्तार हुँदै गएको र आर्थिक गतिविधिमा अग्रणी स्थान बनाउन सफल भएको बताए । साथै, उद्योग वाणिज्य संघले त्यस क्षेत्रका व्यवसायीको हकहित र सामाजिक क्रियाकलापमा सक्रिय




रहेको पनि उल्लेख गरे ।

महासंघका अध्यक्षले कोशी प्रदेश महासंघका विभिन्न प्रयासबारे जानकारी दिँदै प्रदेश सरकार र विभिन्न परियोजनासँग गरिएको सहकार्यको बारेमा प्रकाश पारे । विशेषगरी पहाडी क्षेत्रमा हुने उत्पादनको प्रवर्द्धन, कृषि, पर्यटन तथा औद्योगिक विकासमा महासंघले गरेका प्रयासको बारेमा बताए ।

उनले उद्यमशीलता प्रवर्द्धन गर्न महासंघले व्यावसायिक विकास सेवाको शुरुआत गरेको र साना व्यवसायीलाई २ लाख रुपैयाँसम्म लगानी गर्ने कार्यक्रम रहेको उल्लेख गरे । साथै, कोशी प्रदेशका सबै जिल्लामा व्यावसायिक विकास सेवालाई विस्तार गर्न वैशाखमा तालीम कार्यक्रम शुरू हुने जानकारी दिए ।

अध्यक्षले कोशी प्रदेश सरकार र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच भएको सम्झौताको पनि उल्लेख गरे, जसअनुसार विनाधितो, सुलभ ब्याजदरमा साना व्यवसायीलाई ऋण सुविधा उपलब्ध गराइनेछ ।

महासंघले डेटाबेस बनाउने उद्देश्यले सफ्टवेयर जडान गरेको बताइएको छ । त्यस्तै संघका सचिवालय प्रमुखलाई अन्य प्रदेशका उद्योग वाणिज्य संघमा भ्रमण, व्यावसायिक विकास सेवाका विषयमा गोष्ठी, प्रदेश स्तरीय कृषि एक्स्पोको आयोजना र महिला उद्यमी विकास समितिद्वारा ढाका महोत्सवको आयोजना लगायतका गतिविधि गरिएको बताइएको छ ।

अध्यक्ष राउतले कोशी प्रदेशको आर्थिक अवस्थाबारे पनि जानकारी दिँदै कुल गार्हस्थ्य उत्पादनमा कृषिको ३३ दशमलव २ प्रतिशत, उद्योग क्षेत्रको १५ दशमलव ९५ प्रतिशत र सेवा क्षेत्रको ५० दशमलव ९२ प्रतिशत योगदान रहेको तथ्यांक प्रस्तुत गरे । उनले अर्थतन्त्रमा देखिएको शिथिलताको कारण मागमा ५० प्रतिशत कमी आएको र स्वदेशी उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थका लागि भारतीय बजारमा भर पर्नुपरेको चुनौती औंल्याए ।

## कामपाको सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड

काठमाडौं । काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयका कक्षाकोठामा ५० हजार घण्टा क्षमता भएको स्मार्ट बोर्ड जडान सुरु गरेको छ । महानगरले रामशाह पथमा रहेको पद्मोदय माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरी उक्त कार्यको थालनी गरेको योजना कामपा शहरी आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाले जानकारी दिए ।

शिक्षण क्रियाकलाप र सिकाइमा लगानी बढाएर नतीजा सुधार गर्न कार्यक्रमअन्तर्गत कामपाको शिक्षा विभागले ३१३ ओटा बोर्ड जडान गरेको झाले भने । 'प्रमाणमा आधारित विद्यालयको पूर्वाधार विकास, प्रविधि र उपकरण, मानव पुँजी विकासअन्तर्गत शिक्षक तालीम, सुशासन, व्यवस्थापन तथा दिगोपना'का लागि कामपाले लगानी बढाएको छ,' सदस्य झाले भने, 'विद्यालयमा स्मार्ट बोर्ड उपयोग गर्ने स्थान, शिक्षकको तत्परता र क्षमताका आधारमा बोर्ड जडान गर्दै जानेछौं ।' उनका अनुसार बोर्ड प्रयोगका लागि शिक्षकलाई तालीम पनि दिइएको छ । कामपाको गौरव योजनाअन्तर्गत 'गरी खाने शिक्षा, महानगरको इच्छा' कार्यक्रमअन्तर्गत सूचना प्रविधिमैत्री विद्यालय, डिजिटल शिक्षण सिकाइ कार्यक्रमका लागि चालु र क्रमागत गरेर करीब रू. २० करोड विनियोजित रहेको निमित्त शिक्षा अधिकारी केशव ज्ञवालीले जानकारी दिए ।

कक्षाकोठामा जडान भएका बोर्डहरुको डिस्प्ले क्षमता ५० हजार घण्टा रहेको छ। सामान्य ठक्करबाट स्क्रिन चिर्किने वा फुट्ने हुँदैन । महानगरले हरेक शुक्रार पुस्तकरहित कार्यक्रमलाई थप प्रभावकारी बनाउन शिक्षक तालीम, क्रियाकलापसम्बन्धी पाठ्यक्रम तर्जुमा, सिकाइ सामग्रीमा लगानी समेत गरेको छ । शिक्षण सिकाइलाई परियोजनामा आधारित, समूहगत कार्यमा आधारित, सहपाठीसँगको सिकाइ र पुनरावलोकन कक्षामा जोड दिएको छ । यस्ता क्रियाकलापले विद्यार्थीमा नयाँ दृष्टिकोणबाट सिक्ने वातावरण प्रदान सिर्जना हुने सहरी योजना आयोगका सहायकविज्ञ सस्मित पोखरेलले बताए । पुस्तकरहित शुक्रवारमा २५ ओटा विषय राखिएका छन् । यी हरेक विषयलाई एउटा उपसमूह मान्ने गरिएको छ । *रासस*

## वीरगञ्जमा कृषि विकास बैंकको व्यावसायिक अन्तरक्रिया

वीरगञ्ज (अस) । कृषि विकास बैंक लिमिटेडले वीरगञ्जमा उद्यमी व्यापारीहरूसँग आफ्ना सेवाबारे अन्तरक्रिया गरेको छ । शुक्रवार साँझ भएको अन्तरक्रियामा बैंकले वीरगञ्ज उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई र शुभकामनासमेत दिएको थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले संघका पदाधिकारीलाई माला लगाएर शुभकामना दिएका थिए । उनले कृषिक्षेत्रका लगानी बढाएर अर्थतन्त्रमा कृषिको योगदान बढाउन सकिने बताए ।

कृषि क्षेत्रमा अवसर भएर पनि पर्याप्त पूर्वाधारको अभावमा यो क्षेत्रले अपेक्षित लाभ लिन नपाएको दाबी गर्दै उनले उद्यमीलाई कृषि क्षेत्रमा व्यावसायिक लगानी बढाउन आग्रह पनि गरे । कृषि विकास बैंकले अहिले



जलविद्युत्, स्टील, सिमेन्ट, आयातनिर्यात व्यापारलगायत अन्य वाणिज्य बैंकहरूले दिने सबैखालका क्षेत्रमा प्रतिस्पर्धी सेवा प्रवाह गरिरहेको पनि बताए ।

कृषि विकास बैंकको आधार दर ६ दशमलव ४८ प्रतितशत रहेको भन्दै चैत महीनाभित्र प्रक्रियामा जाने सबैखालका कर्जामा शून्य दशमलव ५ प्रतिशत प्रिमियममा कर्जा दिने नीति लिएको जानकारी उनले दिए ।

उपमहाप्रबन्धक सुदीप दाहालले बैंकले साना किसानदेखि ठूला उद्यम र योजनामा सुलभ ब्याजदरमा कर्जा लगानी गरिरहेको स्पष्ट पारे । सबैखालको उद्यममा बैंकले वित्तीय सहयात्रीको रूपमा काम गरिरहेको दाबी पनि गरे ।

बैंकका मधेश प्रदेश निर्देशक रामप्रसाद गजुरेलले आफ्ना ग्राहकहरूलाई सहज रूपमा सेवा प्रदान गर्न आफू सधैं तत्पर रहेको बताए । कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष माधव राजपाल, निवर्तमान अध्यक्ष अनिल अग्रवाल, संघका सहसचिव अनुप अग्रवाल, जीतपुरसिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा, मेडिकल व्यवसायी बसुरूद्दिन अन्सारी, जगदम्बा ग्रुपका निर्देशक रमेश अग्रवाललगायतले प्रतिस्पर्धी ब्याजदर र ग्राहकमैत्री सेवाको आवश्यकतामा जोड दिएका थिए ।

## चिस्यान केन्द्र बनेको एक वर्षपछि सञ्चालनमा

तनहुँ । जिल्लाको व्यास नगरपालिका-११ स्थित गैह्राबारीमा तीन रोपनी क्षेत्रफलमा निर्माण गरिएको चिस्यान केन्द्र सञ्चालनमा ल्याइएको छ । चिस्यान केन्द्रका लागि आवश्यक सबै संरचना निर्माण सम्पन्न भएपनि विद्युत् ट्रान्समिटर जडानमा समस्या हुँदा एक वर्ष ढिला गरी सञ्चालनमा ल्याइएको हो ।

एक सय तीस मेट्रिकटन क्षमताको चिस्यान केन्द्र व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले विशेष पूजापछि आलु भण्डारण गरेर उद्घाटन गरे । गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको हो । केन्द्र निर्माणको जिम्मा देवचुली कन्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो । विसं २०७८ भदौ १३ गते कम्पनीले सम्झौता गरी निर्माण अघि बढाइएको थियो ।

विद्युत् प्राधिकरणले 'थ्री फेज'को ट्रान्समिटर जडान गरेपछि केन्द्र सञ्चालनमा ल्याइएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिए । विसं २०८० असोजमा पहिलो चरणको निर्माण सम्पन्न गरी गत असार मसान्तभित्र दोस्रो चरणमा वरिपरि बार, प्रवेशद्वार, शौचालयलगायत भौतिक संरचना निर्माण गरिसकिएको थियो । विद्युत् ट्रान्समिटर जडान कार्यमा ढिलाइ हुँदा सञ्चालनमा ल्याउन एक वर्ष ढिला भएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिए । उनका अनुसार वर्षौंदेखि व्यक्तिले कब्जा गरेर भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी चिस्यान केन्द्र निर्माण गरेको हो ।

आगामी आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएका आलु, सुन्तलालगायत फलफूल र तरकारी पूर्णरूपमा भण्डारण गरी राख्न सकिने गैरेले बताए । नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक करीब रू. पाँच करोड बाहिरिनबाट रोकिने व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए । 'व्यासमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि आलु, फलफूल, तरकारीलगायत कृषिउपज भण्डारण गरी सुरक्षित राख्न सकिन्छ । योसँगै कृषिउपज भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य हुने विश्वास गरेका छौं,' उनले भने । चिस्यान केन्द्र सञ्चालनमा आएसँगै कृषिउपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान उत्साहित भएका छन् । *रासस*

कसैले गरिदेला भनेर पर्खन्छौं भने परिवर्तन कहिल्यै हुँदैन । तर, हामी त्यस्तै प्रतीक्षामा छौं । वास्तवमा हामीले खोजेको परिवर्तन हामी आफै हौं ।

**– बाराक ओबामा**

सम्पादकीय

# रेसिप्रोकल भन्सारशुल्कबाट अवसर

**अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालमा 'मेक अमेरिका ग्रेट अगेन' अघि बढाउँदै जुन देशले आफ्नो देशमाथि जति चर्को भन्सार लगाएका छन् त्यसकै आधारमा आयातमा भन्सार लगाउन रेसिप्रोकल दर लागू गरेका छन् । अमेरिकाको यस्तो भन्सार शुल्कका कारण विश्वभरि नै व्यापार युद्धको खतरा बढेको छ भने सबैजसो देश यसबाट कसरी बच्ने र कसरी प्रतिवाद गर्ने भनेर रणनीति तयार गर्न जुटिरहेका छन् । नेपाल सरकारले भने केही पनि तयारी गरेको देखिँदैन । यस्तो भन्सार दर नेपाललाई १० प्रतिशतमात्र बढाइएकाले ठूलो अन्तर नपर्ने बरु अवसरको ढोका खुल्ने आकलन गरिएको छ । तर, यस्ता अवसरहरू उपयोग गर्न सरकार र व्यवसायी तम्तयार नहुँदा कागलाई बेल पाक्यो हर्ष न विस्मात्‌को अवस्था देखिएको छ ।**

**अमेरिकी भन्सार शुल्कका कारण विश्वभरि नै मन्दी आउने विश्लेषण भइरहेको छ । अमेरिका ठूलो बजार भएकाले यसले लिने सानो नीतिले पनि विश्वभर हलचल ल्याउनु स्वाभाविकै हो । अमेरिकाले भन्सार दर बढाएका कारण अर्जेन्टिनाले अमेरिकी वस्तुमाथि शून्य भन्सार दर लगाउने बताएको समाचार आएको छ र अन्य केही मुलुक पनि त्यसतर्फ लाग्न सक्ने अनुमान गरिएको छ । त्यस्तै अमेरिकाको यो भन्सार शुल्क बढाउने नीति कति समयसम्म कायम रहन्छ भन्ने पनि निश्चितचाहिँ छैन । अमेरिका व्यापक मन्दीमा फस्न पुग्यो भने यसमाथि पुनर्विचार नहोला भन्न सकिन्न । यद्यपि राष्ट्रपति ट्रम्पले 'थोरै बेरको पीडा' सहनुपर्ने बताएका छन् । त्यसैले भन्सार दरमा केही परिवर्तन भए पनि पहिलाकै जस्तो नीतिमा अब अमेरिका हिँड्दैन भन्ने सन्देशचाहिँ स्पष्ट नै बुझिन्छ । अमेरिकाले संरक्षणवादी नीति लिएपछि अन्य राष्ट्रले पनि त्यस्तो नीति लिने तयारी थालेको देखिन्छ तर, नेपालजस्तो सीमित वस्तु निर्यात गर्ने मुलुकका लागि यसले केकस्तो असर पार्छ भन्नेमा व्यापक अनुसन्धान आवश्यक देखिन्छ ।**

**तत्कालका लागि सरसर्ती हेर्दा ट्रम्पले नेपाललाई थपेको १० प्रतिशत भन्सार चुनौतीभन्दा पनि अवसर बन्न सक्ने देखिन्छ । केही**

- **ट्रम्पले नेपाललाई थपेको १० प्रतिशत भन्सार चुनौतीभन्दा पनि अवसर बन्न सक्ने देखिन्छ ।**
- **बंगलादेशलाई उसले ३७ प्रतिशत भन्सार थपेको छ । यो भनेको नेपालका लागि अवसर हो ।**
- **अमेरिकामा थप चिया निर्यात गर्न सके निर्यात विविधीकरण हुनेछ ।**

**वस्तु भन्सार तिरेर पनि राम्रै निर्यात भइरहेका थिए । उदाहरणका लागि कुकुर बिरालाको खानाका रूपमा निर्यात हुने छुर्पी, गलैंचा लगायतका वस्तुलाई लिन सकिन्छ अमेरिकाले नेपाली गार्मेन्टलाई शून्य भन्सार दरको सुविधा दिए पनि पर्याप्त निर्यात हुन नसकेको अवस्थामा केही वस्तु भन्सार तिरेर पनि राम्रै निर्यात भएको देखिन्छ । अब थपिएको १० प्रतिशत भन्सारले यस्ता वस्तुलाई त्यति धेरै असर नपार्न सक्छ ।**

**भारत, बंगलादेश, श्रीलंका, भियतनामजस्ता मुलुकलाई नेपाललाई भन्दा निकै बढी भन्सार लगाइएको छ । बंगलादेशलाई उसले ३७ प्रतिशत भन्सार थपेको छ । यो भनेको नेपालका लागि अवसर हो । बंगलादेशमा राजनीतिक परिवर्तनपछि त्यहाँका लगानी गर्दा अन्यत्र लगानीको ठाउँ खोजिरहेको र उनीहरूले नेपालमा पनि सम्भावना देखेको समाचार आएको थियो । अहिलेको भन्सार शुल्क हेर्दा नेपालबाट निर्यात गर्न बढी फाइदा देखिन्छ । तयारी कपडा निर्यातमा बंगलादेश विश्वकै उच्च स्थानमा रहेको छ । त्यस्तै अर्को भियतनामलाई पनि उच्च कर लगाइएको छ । नेपालको चिया निर्यातका लागि पनि यो नीति सहयोगी हुने देखिन्छ । अर्थोडक्स र अन्य चिया निर्यातमा श्रीलंकाको हिस्सा निकै ठूलो छ । श्रीलंकाको वस्तुमा अमेरिकाले थप ४४ प्रतिशत भन्सार लगाएको छ । भन्सारको यो अन्तर नेपालको चिया अमेरिकी बजारमा लैजानका लागि राम्रो अवसर हो । अहिले नेपालको कोशी प्रदेशमा उत्पादन हुने ८८ प्रतिशत अर्थोडक्स चिया भारत निर्यात हुने गरेको हालैको राष्ट्र बैंकको एक अध्ययनले देखाएको छ । अमेरिकामा थप चिया निर्यात गर्न सके निर्यात विविधीकरण हुनेछ । त्यस्तै गलैंचा, फेल्ट, पश्मिनालगायत विस्तुहरू पनि निर्यात बढाउन सकिन्छ । अमेरिका नेपालको ठूलै व्यापारिक साझेदार हो र उससँग नेपालको व्यापार प्रायः नाफामा जाने गरेको छ । अर्थात् अमेरिका नेपालको ठूलो निर्यात बजार हुन सक्छ ।**

**यसका लागि सरकारले आवश्यक पूर्वाधारहरू बनाइदिनुपर्छ । लगानीका लागि वातावरण बनाइदिनुपर्छ । गार्मेन्टमा कोही लगानी गर्न आउँछ भने तत्काल सरकारले छूट लगायतका सुविधा दिन हिचकिचाउनु हुँदैन । निर्यातकर्ताहरूलाई सहजीकरण गर्ने काम पनि सरकारले गर्नुपर्छ । अहिले अर्को एउटा अवसर आएको छ । विगतमा नेपालले धेरै अवसर गुमाएको छ तर अहिले अवसर छोप्न सक्यो भने मुलुकको निर्यात बढ्नुका साथै कारखानाहरू प्रशस्त खुल्ने सम्भावना देखिन्छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## अन्तरिम मन्त्रिपरिषद् गठनमा सहमति

प्रधान न्यायाधीश खिलराज रेग्मी नेतृत्वमा अन्तरिम मन्त्रिपरिषद् गठन गर्न दलहरू सहमत भएका छन् । भावी चुनावी सरकार गठनका विषयमा २ दिनदेखि छलफलमा रहेका राजनीतिक दलका प्रतिनिधिहरूको कार्यदलले जेठ २२ मा संविधानसभा निर्वाचन गर्ने प्रस्तावमा सहमति गरेको मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)का अध्यक्ष एवम् गृहमन्त्री विजयकुमार गच्छदारले बताए । कार्यदलले सोमवार पेश गरेको बाह्रबुँदे प्रस्तावमध्ये नागरिकता र मतदाता नामावलीको विषयमा भने निर्णय नभएको उनले बताए ।

**वर्ष ८, अंक १५३, मङ्गलवार, ८ फागुन, २०६९**

# सार्वजनिक खर्च कसरी घटाउने ?

## सार्वजनिक खर्च पुनरवलोकन आयोग २०७५ को सन्दर्भमा



**नेपालमा सार्वजनिक खर्च कटौती गर्ने प्रयास पटक-पटक भए पनि प्रभावकारी कार्यान्वयन नहुँदा खर्च वृद्धि जारी छ । अब सरकारले राजनीतिक इच्छाशक्ति देखाएर खनाल आयोगको प्रतिवेदन लागू गर्नु र खर्च कटौतीका ठोस उपायहरू अवलम्बन गर्नु अपरिहार्य देखिन्छ ।**

**बलराम यादव**

### सार्वजनिक खर्च

सार्वजनिक खर्च भनेको सरकारले आफ्नो नीति कार्यान्वयन गर्न, सेवा प्रवाह गर्न, पूर्वाधार विकास गर्न तथा नागरिकहरूको सामाजिक-आर्थिक हित सुनिश्चित गर्न गर्ने खर्च हो । यो खर्च सरकारले कर, ऋण वा अन्य स्रोतहरूबाट जम्मा गरेको कोषबाट गरिन्छ । सार्वजनिक खर्चको मुख्य उद्देश्य देशको आर्थिक स्थिरता, सामाजिक सुधार, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सुरक्षा र अन्य सार्वजनिक सेवाहरू प्रदान गर्नु हो ।

### सार्वजनिक खर्चका प्रकार

सार्वजनिक खर्चलाई तीन प्रमुख क्षेत्रमा वर्गीकरण गर्न सकिन्छ । चालू खर्च सरकारको दैनिक प्रशासन र सार्वजनिक सेवा सञ्चालनका लागि आवश्यक हुन्छ जसमा कर्मचारीको तलब, भत्ता र नियमित कार्यका लागि खर्च समावेश हुन्छ । पूँजीगत खर्च भने दीर्घकालीन विकास र आर्थिक वृद्धिका लागि लक्षित हुन्छ जस्तै सडक, पुल, विद्यालय, अस्पताल, जलविद्युत् र कृषि पूर्वाधार निर्माणमा लगानी । त्यस्तै, वित्तीय व्यवस्थासम्बन्धी खर्चले आर्थिक प्रशासन, बजेट प्रबन्धन र ऋण व्यवस्थापनलाई समेट्छ जसमा आर्थिक नीति निर्माण, बजेट निगरानी, ऋण भुक्तानी र कर संकलनजस्ता कार्यहरू पर्छन् । यी खर्चले मुलुकको सुशासन, विकास र आर्थिक स्थिरतालाई प्रत्यक्ष प्रभाव पार्छन् ।

### सार्वजनिक खर्चसम्बन्धी संवैधानिक प्रावधान

नेपालको संविधान (२०७२) ले सार्वजनिक खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन बलियो आधार प्रदान गरेको छ । धारा ५९ ले संघ, प्रदेश र स्थानीय तहलाई कर लगाउने, कोष सञ्चालन गर्ने र खर्च गर्ने अधिकार दिई तहगत वितरण सुनिश्चित गर्छ । धारा ११६ ले वार्षिक बजेटमार्फत खर्चको योजना र प्राथमिकता निर्धारण गर्न सरकारलाई बाध्य पार्छ भने धारा ११९ ले विनियोजन ऐनबिना खर्च गर्न नपाउने व्यवस्थाले विधायिकी नियन्त्रण कायम राख्छ । धारा १२१ ले महालेखापरीक्षकमार्फत स्वतन्त्र लेखापरीक्षणको प्रावधान राखेर जवाफदेहिता सुनिश्चित गर्छ भने धारा २२६ र २३५ ले प्रदेश र स्थानीय तहलाई बजेट बनाउने र खर्च गर्ने अधिकार दिई संघीय संरचनामा विकेन्द्रीकरणलाई प्रोत्साहन गर्छ । यी प्रावधानले सार्वजनिक खर्चमा सुशासन र दक्षता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

### सार्वजनिक खर्चसम्बन्धी नीतिगत प्रावधान

नेपाल सरकारले सार्वजनिक खर्चलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउन नीतिगत व्यवस्थाहरू अवलम्बन गरेको छ । राष्ट्रिय विकास योजनामार्फत पञ्चवर्षीय योजना र बजेट नीतिले शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता क्षेत्रमा खर्चको प्राथमिकता तोक्छ । सार्वजनिक वित्त व्यवस्थापन नीतिले मध्यमकालीन खर्च संरचना जस्ता उपकरण प्रयोग गरी पारदर्शिता, दक्षता र जवाफदेहिता सुनिश्चित गर्न जोड दिन्छ । यस्तै, सार्वजनिक खरीद नीतिले मालसामान र सेवाको खरिदमा प्रतिस्पर्धात्मकता र मितव्ययिता कायम गर्न मार्गदर्शन प्रदान गर्छ भने वित्तीय अनुशासन नीतिले भ्रष्टाचार घटाई स्रोतको अधिकतम उपयोगमा प्राथमिकता दिन्छ । यी नीतिहरूले सार्वजनिक खर्चलाई व्यवस्थित र विकासमुखी बनाउने लक्ष्य राख्छन् ।

### सार्वजनिक खर्चसम्बन्धी कानूनी व्यवस्था

नेपालमा सार्वजनिक खर्चलाई व्यवस्थित गर्न बलियो कानूनी ढाँचा स्थापित छ । वित्तीय कार्यविधि तथा वित्तीय जवाफदेहिता ऐन, २०७६ ले खर्चको स्वीकृति, भुक्तानी र लेखापरीक्षण प्रक्रिया निर्धारण गरी जवाफदेहिता सुनिश्चित गर्छ । सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ ले बोलपत्र र ठेक्का प्रक्रियालाई पारदर्शी र मितव्ययी बनाउँछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको बजेट र खर्चको आधार प्रदान गर्छ भने लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकमार्फत स्वतन्त्र लेखापरीक्षणको व्यवस्था गर्छ । त्यस्तै, वार्षिक आर्थिक ऐनले बजेट कार्यान्वयन र खर्चको कानूनी वैधता सुनिश्चित गर्छ । यी कानूनहरूले सार्वजनिक खर्चमा अनुशासन र दक्षता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

### सार्वजनिक खर्चसम्बन्धी संस्थागत व्यवस्था

नेपालमा सार्वजनिक खर्चको व्यवस्थापन र अनुगमनका लागि प्रभावकारी संस्थागत संरचना स्थापना गरिएको छ । अर्थ मन्त्रालयले नीति निर्माण, बजेट तर्जुमा र खर्च समन्वयको केन्द्रीय भूमिका खेल्छ भने महालेखा नियन्त्रक कार्यालयले खर्चको लेखा र प्रतिवेदन तयार गर्छ । महालेखापरीक्षकको कार्यालयले स्वतन्त्र लेखापरीक्षणमार्फत अनियमितता रोक्छ र सार्वजनिक खरीद अनुगमन कार्यालयले खरीद प्रक्रियामा पारदर्शिता र दक्षता कायम गर्छ । राष्ट्रिय योजना आयोगले दीर्घकालीन विकास योजनामार्फत खर्चको प्राथमिकता तोक्छ, प्रदेश र स्थानीय तहले संघीय संरचनाअनुसार आफ्नो कोष सञ्चालन गर्छन् र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारविरुद्ध कारबाही गर्छ । यी संस्थाहरूले सार्वजनिक खर्चमा सुशासन र जवाफदेहिता सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछन् ।

### संघीय सरकारी खर्चको अवस्था

अर्थ मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष (आव) २०८१/८२ को माघ महीनासम्म संघीय सरकारको कुल खर्च गत आवको उक्त अवधिको कुल खर्च रू. ६ खर्ब ८६ अर्ब ७५ करोडको तुलनामा ९ दशमलव ९ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ५४ अर्ब ८५ करोड पुगेको छ । कुल खर्चमध्ये चालू खर्च ६९ दशमलव २ प्रतिशत, पूँजीगत खर्च ९ दशमलव १ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २१ दशमलव ७ प्रतिशत रहेको छ ।

### सार्वजनिक खर्च बढ्दै जानुका कारण

नेपालमा सार्वजनिक खर्चको वृद्धि विभिन्न कारणहरूले उत्पन्न भएको छ । राजनीतिक अस्थिरता र प्रशासनिक संरचनामा अनावश्यक वृद्धि, बृहत् कर्मचारी संरचनाले तलब र भत्तामा खर्च बढाएको छ र अनावश्यक सार्वजनिक संस्थाहरूको अस्तित्वले थप खर्च सृजना गरेको छ । ठूला र महँगो आयोजनाहरूको समयमै कार्यान्वयनमा असफलता र अनुत्पादक सरकारी स्वामित्व उद्योगहरूको घाटाजस्तै सरकारी बैंक र अन्य कम्पनीहरूको अनुदानमा निर्भरता पनि खर्च बढाउने कारण बनेका छन् । साथै, सामाजिक सुरक्षा र भत्ता योजनाहरूको दायरा वृद्धि भएको छ र सार्वजनिक-निजी साझेदारी मोडेलको पूर्ण कार्यान्वयन नहुँदा सरकारी खर्चमा थप बोझ परेको छ । अर्थतन्त्रको असमर्थता र राजस्व संकलनमा गिरावटका कारण सरकार आवश्यक खर्च पूरा गर्न ऋण र अनुदानमा निर्भर रहन्छ जसले कुल सार्वजनिक खर्चमा वृद्धि गरेको छ ।

- **महालेखापरीक्षकको कार्यालयले स्वतन्त्र लेखापरीक्षणमार्फत अनियमितता रोक्छ ।**
- **राजनीतिक अस्थिरता र प्रशासनिक संरचनामा अनावश्यक वृद्धिले सार्वजनिक खर्च बढाएको छ ।**
- **सरकारी संरचना घटाउन र सामाजिक सुरक्षा व्यवस्थित गर्न नयाँ ऐन वा विद्यमान नियमावलीमा संशोधन गर्नुपर्छ ।**

### सार्वजनिक खर्च कटौतीका लागि भएका प्रयास

नेपालमा सार्वजनिक खर्च कटौतीका लागि विभिन्न समयमा आयोगहरू गठन गरिए र नीतिगत घोषणाहरू गरिए तर कार्यान्वयन प्रभावकारी नभएका कारण खर्च कटौतीको लक्ष्य पूरा हुन सकेको छैन । विसं २०४८ सालमा प्रशासन सुधार सुझाव आयोगको गठन भएको थियो जसले मन्त्रालय र विभागहरूको संख्या घटाउने, कर्मचारी संरचनामा सुधार गर्ने र अनावश्यक सरकारी संस्थाहरू खारेज गर्ने सुझाव दिएको थियो तर व्यापक रूपमा लागू भएन । त्यसपछि, २०६६ सालमा बजेट व्यवस्थापन तथा खर्च प्रणाली आयोग गठन गरिएको थियो जसले अनुत्पादक खर्च न्यूनीकरण, सरकारी अनुदानमा पुनरवलोकन र सार्वजनिक संस्थानहरूको पुनःसंरचना गर्ने सुझाव दिएको थियो तर यसको कार्यान्वयन सीमित रह्यो । त्यसैगरी, विसं २०७५ सालमा डिल्लीराज खनालको नेतृत्वमा सार्वजनिक खर्च पुनरवलोकन आयोग गठन भएको थियो जसले अनावश्यक परिषद्, आयोग, बोर्ड, कोष, विकास समितिहरू खारेज गर्ने, अनुत्पादक उद्योगहरूको निजीकरण गर्ने, कर्मचारी दरबन्दी कटौती गर्दै कार्यसम्पादन सुधार गर्ने र सार्वजनिक-निजी साझेदारी मोडेल अपनाएर खर्च कम गर्ने सुझाव दिएको थियो तर यस आयोगको प्रतिवेदन सार्वजनिक भए तापनि कार्यान्वयनमा जान सकेन ।

### सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ का मुख्य सुझावहरू

सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ ले नेपालको सार्वजनिक खर्च प्रणालीलाई सुधार गर्न व्यावहारिक सुझावहरू प्रस्तुत गरेको । चालू खर्चमा करिब साढे ३ खर्ब रुपैयाँ कटौती गरी अनावश्यक संरचना हटाउने, सुविधामा कडाइ गर्ने र कार्यसम्पादनमा आधारित कर्मचारी व्यवस्थापन लागू गर्ने लक्ष्य राखिएको छ । पूँजीगत खर्चको प्रभावकारिता बढाउन कार्यान्वयन दर (७३ दशमलव ३ प्रतिशत) सुधार्ने, गुणस्तर सुनिश्चित गर्ने र ठूला आयोजनाको अनुगमन संयन्त्र बनाउने सुझाव दिइएको छ । संस्थागत सुधारका लागि मन्त्रालय र विभागलाई क्रमशः १६ र २७ मा सीमित गरी संघीय संरचनाअनुरूप चुस्त बनाउने तथा तहगत दोहोरोपन हटाउने जोड छ । सामाजिक सुरक्षालाई लक्षित र सेवामूलक बनाई दुरुपयोग रोक्न कडा मापदण्ड प्रस्ताव गरिएको छ भने वित्तीय अनुशासन र पारदर्शिताका लागि सूचनाप्रविधिको प्रयोग, खरीद सुधार र प्रभावकारी लेखापरीक्षण सिफारिश गरिएको छ । करको दायरा विस्तार र ऋण व्यवस्थापनबाट स्रोत सुनिश्चित गर्दै संघ, प्रदेश र स्थानीय तहबीच स्रोत र खर्चको स्पष्ट बाँडफाँट गरी तहगत क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्ने सुझाव प्रतिवेदनले समेट्छ । यी कदमले खर्च प्रणालीलाई मितव्ययी, प्रभावकारी र विकासमुखी बनाउने अपेक्षा गरिएको छ ।

### आयोगको प्रतिवेदन, २०७५ को कार्यान्वयन स्थिति

सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ को कार्यान्वयन नेपालमा प्रभावकारी रूपमा भएको छैन जुन डा. डिल्लीराज खनालको नेतृत्वमा २०७५ फागुन ३ मा अर्थमन्त्री डा. युवराज खतिवडालाई बुझाइएको थियो । प्रतिवेदनले चालू खर्चमा साढे ३ खर्ब कटौती, मन्त्रालय र विभागलाई १६ र २७ मा सीमित गर्ने, पूँजीगत खर्चको कार्यान्वयन दर (७३ दशमलव ३ प्रतिशत) सुधार्ने, सामाजिक सुरक्षा भत्ताको दोहोरोपन हटाउने र सूचनाप्रविधिको प्रयोगबाट वित्तीय अनुशासन कायम गर्ने सुझाव दिएको थियो । तर, २०७९ जेठमा मात्र सार्वजनिक भएको यो प्रतिवेदन कार्यान्वयनमा सरकारको उदासीनता र ढिलासुस्तीले सर्वसाधारणको छलफल र दबाबको अवसर गुम्यो । मन्त्रालय र विभाग घटाउने प्रस्ताव लागू नहुँदा हाल १७ मन्त्रालय र ५० भन्दा बढी विभाग कायम छन् । पूँजीगत खर्च ६०-६५ प्रतिशतमा सीमित छ र सामाजिक सुरक्षा खर्च बढ्दो छ । ठोस कार्ययोजना र समयसीमा नहुँदा यो प्रतिवेदन 'सिंहदरबारको दराजमा थन्किएको' भनी आलोचना भएको छ जसले राजनीतिक इच्छाशक्ति, संस्थागत सुस्ती र प्राथमिकताको अभाव झल्काउँछ ।

### आयोगको प्रतिवेदन कार्यान्वयन हुन नसक्नुका कारण

सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ कार्यान्वयन हुन नसक्नुमा राजनीतिक, संस्थागत, सामाजिक र आर्थिक कारणहरू जिम्मेवार छन् । २०७५ फागुन ३ मा बुझाइएको यो प्रतिवेदनले खर्चमा मितव्ययिता र प्रभावकारिता ल्याउन सुझाव दिए पनि सरकारको अस्थिरता, अस्पष्ट प्रतिबद्धता र लोकप्रिय कार्यक्रमलाई प्राथमिकता दिँदा सुधार ओझेलमा पऱ्यो । प्रशासनिक कमजोरी, जिम्मेवारीको अस्पष्टता र संघीय संरचनाको जटिलताले कार्यान्वयन जटिल बनायो भने प्रभावशाली समूह, ट्रेड युनियन र मतदाताको सम्भावित विरोधले सरकारलाई पछि हटायो । कानूनी आधार र समयबद्ध कार्ययोजनाको अभाव, २०७९ जेठमा मात्र सार्वजनिकरण र कोभिड-१९ (२०७६/७७) पछिको आर्थिक संकटले यस प्रतिवेदनको प्राथमिकता घटायो । जनचेतना, मिडियाको कमजोर भूमिका र नेतृत्वको उदासीनताले जन दबाबको अभाव भयो जसले जवाफदेहीताको कमीलाई निम्त्यायो । यी कारणले प्रतिवेदन कागजमै सीमित रह्यो ।

### प्रतिवेदन कार्यान्वयन हुँदा पर्ने प्रभावहरू

सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ समयमै कार्यान्वयन भएको भए नेपालको सार्वजनिक वित्त, आर्थिक विकास र सुशासनमा ठूलो सकारात्मक प्रभाव पर्थ्यो । चालू खर्चमा साढे ३ खर्ब कटौतीले प्रशासनिक फजुल खर्च घटाई पूँजीगत खर्च र विकास आयोजनामा लगानी बढाउँदा बजेट घाटा र ऋणभार नियन्त्रण हुने थियो । पूँजीगत खर्चको कार्यान्वयन दर (७३ दशमलव ३ प्रतिशत) सुधारले सडक, ऊर्जाजस्ता पूर्वाधार छिटो बन्दा आर्थिक वृद्धिदर ४/५ प्रतिशतबाट ८-१० प्रतिशत पुग्न सक्थ्यो, रोजगारी र जीवनस्तरमा सुधार ल्याउँथ्यो । मन्त्रालय (१६) र विभाग (२७) घटाई संघीयताको दोहोरोपन हटाउँदा प्रशासन चुस्त र पारदर्शी बन्ने, सूचनाप्रविधि र खरीदसुधारले भ्रष्टाचार घट्ने थियो । सामाजिक सुरक्षालाई लक्षित र सेवामूलक बनाउँदा स्रोतको दुरुपयोग रोकिन्थ्यो, कोभिड-१९ पछिको संकट कम हुने थियो र 'समृद्ध नेपाल, सुखी नेपाली' को आधार बलियो बन्थे ।

### प्रतिवेदन कार्यान्वयनमा ढिलाइका असर

सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ समयमै कार्यान्वयन नहुँदा नेपालको वित्त व्यवस्थापन, विकास र सुशासनमा गम्भीर नकारात्मक असर परेको छ । २०७५ फागुन ३ मा बुझाइएको यो प्रतिवेदनले सुझाव दिएको साढे ३ खर्ब चालू खर्च कटौती नहुँदा हाल कुल बजेटको ६५-७० प्रतिशत (२०८०/८१ मा ११ खर्ब ४१ अर्ब) प्रशासनमा खर्च भएको छ जसले फजुल खर्च बढाएर विकास आयोजनामा स्रोत अभाव निम्त्याएको छ । पूँजीगत खर्चको कार्यान्वयन दर ७३.३ प्रतिशतबाट सुधार नहुँदा हाल ६०-६५ प्रतिशत (२०८०/८१ मा ३ खर्ब २ अर्बको ६०प्रतिशत) मा सीमित छ, जसले सडक, ऊर्जा जस्ता पूर्वाधारमा ढिलाइ, गुणस्तर ह्रास र रोजगारीमा बाधा पुऱ्याएको छ । मन्त्रालय (हाल २२) र विभाग (५०भन्दा बढी) विभाग छन् । तिनल घटाउने सुझाव लागू नहुँदा दोहोरोपन र भ्रष्टाचार बढेको छ भने सामाजिक सुरक्षाको दोहोरो खर्च (२०८०/८१ मा १ खर्ब ५३ अर्ब) ले उत्पादकत्व घटाएको छ । ऋण १० खर्ब ३१ अर्ब (२०७५/७६) बाट २५ खर्ब ३६ अर्ब (२०८१ माघ) पुगेको, बजेट घाटा २ खर्ब ५५ अर्ब भएको र कोभिड-१९ पछिको संकट गहिरिँदा आर्थिक अस्थिरता बढेको छ । सुशासन र जनविश्वास घट्दा संघीयताप्रति असन्तुष्टि चुलिएको छ र आर्थिक वृद्धिदर ८-१० प्रतिशतको सम्भावनाबाट ४-५ प्रतिशतमा सीमित भएर 'समृद्ध नेपाल'को लक्ष्यमा ढिलाइ भएको छ ।

### प्रतिवेदन कार्यान्वयनको प्रक्रिया

सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन, २०७५ कार्यान्वयन गर्न नेपाल सरकारले संरचनात्मक, नीतिगत, प्रशासनिक र सामाजिक क्षेत्रमा ठोस कदमहरू चाल्नुपर्छ । यसको लागि, राजनीतिक इच्छाशक्ति र उच्चस्तरीय नेतृत्व आवश्यक छ जसका लागि सम्मानीय प्रधानमन्त्री र अर्थमन्त्रीले सार्वजनिक रूपमा प्रतिबद्धता जनाउनुपर्छ । कानूनी सुधारहरू जस्तै मन्त्रालय र विभागको संख्या घटाउने, खरीदप्रक्रिया सुधार्ने र सामाजिक सुरक्षा लक्षित गर्न नयाँ ऐन वा विद्यमान नियमावलीमा संशोधन गर्नुपर्नेछ । प्रतिवेदनका सुझावलाई १, ३ र ५ वर्षको समयसीमासहित कार्ययोजना बनाएर बजेटमा समावेश गर्नुपर्छ । संस्थागत पुनर्गठन र प्राविधिक क्षमता अभिवृद्धि गर्न डिजिटल खर्च प्रणाली र संघीय समन्वय संयन्त्रलाई सुदृढ पार्नुपर्छ । चालू खर्च कटौती र मितव्ययिता, पूँजीगत खर्चको प्रभावकारिता वृद्धि र जनचेतना बढाउन मिडिया र नागरिक समाजसँग सँगै काम गर्नुपर्छ । कार्यान्वयनको अनुगमन र जवाफदेहिता सुनिश्चित गर्दै प्रगति प्रतिवेदन संसद् र जनतासामु प्रस्तुत गर्नुपर्छ । स्रोत व्यवस्थापनका लागि करको दायरा विस्तार गर्दै, दातृ निकाय र अन्तरराष्ट्रिय संस्थासँग सहयोगको माग गर्नुपर्छ ।

### सार्वजनिक खर्च घटाउने उपाय

नेपालमा बढ्दै गएको सार्वजनिक खर्च घटाउन विभिन्न उपाय लागू गर्न आवश्यक छ । यसका लागि राजनीतिक र प्रशासनिक सुधार गरी अनावश्यक मन्त्रालय, विभाग, परिषद् र समितिहरूलाई खारेज गरेर संरचनात्मक सुधार गर्नुपर्छ । साथै, सरकारी कर्मचारीको संख्या घटाउन कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गर्नु आवश्यक छ । चालु खर्चलाई नियन्त्रण गर्न अनावश्यक यात्रा, सवारीसाधन र भत्तामा कडाइ गर्नुपर्छ र सामाजिक सुरक्षा भत्ताहरूको दायरा सीमित गर्दै लक्षित कार्यक्रमहरूलाई प्रभावकारी बनाउनुपर्छ । पूँजीगत खर्च सुधार गर्न महँगो र ठूला आयोजनाहरूको कार्यान्वयनको गति बढाउन र भ्रष्टाचारको नियन्त्रणमा ध्यान दिनुपर्छ । साथै सार्वजनिक खरीदप्रक्रियामा पारदर्शिता र दक्षता सुनिश्चित गर्न इ-बिडिङ प्रणालीको प्रयोग गर्नुपर्छ । सार्वजनिक-निजी साझेदारी मोडेललाई प्रवर्द्धन गरेर सरकारको खर्च घटाउन र निजीक्षेत्रको लगानी आकर्षित गर्नुपर्छ । संस्थागत सुधार गर्दै सार्वजनिक संस्थानहरूको पुनःसंरचना र प्रभावकारी अनुगमन प्रणाली लागू गर्नुपर्छ जसले खर्चको प्रगति निगरानी गर्न मद्दत पुऱ्याउँछ । अन्ततः सरकारको वित्तीय अनुशासनलाई बलियो बनाउन कर सुधार र आयात-निर्यात नीति सुधार गर्नु आवश्यक छ जसले खर्चको दायरा सीमित गर्न मद्दत पुऱ्याउँछ ।

अन्त्यमा, नेपालमा सार्वजनिक खर्च कटौती गर्ने प्रयासहरू पटकपटक भए पनि प्रभावकारी कार्यान्वयन नहुँदा खर्च वृद्धि जारी छ । अब सरकारले राजनीतिक इच्छाशक्ति देखाएर खनाल आयोगको प्रतिवेदन लागू गर्नु र खर्च कटौतीका ठोस उपायहरू अवलम्बन गर्नु अपरिहार्य देखिन्छ ।

*लेखक आन्तरिक राजस्व विभागमा कार्यरत छन् ।*

पाठक पत्र

## प्रदूषण रोक्न छैन चासो

कोरोनाको हल्लाखल्ला भयो । बन्दाबन्दी लगाइयो । देश ठप्प पारियो । त्यसले अर्थतन्त्र ध्वस्त पारे पनि जनस्वास्थ्यमा त्यस्तो असर पारेन । तर, अहिले त्योभन्दा कयौं गुणा घातक अवस्था छ । 'साइलेन्ट किलर' भनिएको नेपालको अहिलेको वायुप्रदूषण ज्यादै हानिकारक छ । अस्पतालमा जानेको भीड लाग्न थालेको छ । यसले तत्काल ठूलो असर गरेको नदेखिए पनि यसकै कारण काठमाडौंमा मात्रै वार्षिक ५ हजार जनाको ज्यान जाने गरेको विज्ञहरूको भनाइ छ ।

काठमाडौं खाल्डो भएकाले बढी समस्या हुने गरेका बताए पनि अहिले पूरै नेपाल यो वायुप्रदूषणको विष पिउन बाध्य छ । यसलाई कम गर्न, तत्काल जनतालाई जोगाउन, दीर्घकालीन नीति लिन भने सरकारले कुनै चासो दिएको पाइँदैन ।

यो समस्याको प्रमुख कारक डढेलो हो । यो यही याममा हरेक वर्ष आइरहने समस्या हो । प्राकृतिले नै पानी पारिदिएमात्र यो समस्या कम हुने गरेको छ । सरकारले डढेलो रोक्न प्रभावकारी काम गरेन । त्यस्तै अहिलेको हावा कति विषाक्त छ, त्यसबाट बच्न केके गर्न सकिन्छ भन्नेमा पर्याप्त जानकारी दिएको छैन । मानिसहरू विनामास्क बजारमा लखरलखर हिँडिरहेका छन् । सवारीसाधनले फाल्ने धुँवा र उडाउने धूलो उस्तै छ । खनिएका सडकको मर्मतमा चासो छैन । अलि अलि भए पनि पानी छर्केर धूलो कम गराउन सकिन्थ्यो होला त्यही पनि छैन । पानीको फोहार चलाउन सके पनि केही राहत हुन्थ्यो । तर, यी कुनै पनि काम सरकारले गरेको छैन ।

सम्भव भएसम्मका काम अनलाइन गर्न आग्रह गर्न सकिन्छ । सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गर्न सकिन्छ । बढी धुँवा फ्याक्ने सवारीसाधनलाई कारबाही गर्न सकिन्छ । यी काम गर्न खासै गाह्रो पनि छैन । तैपनि सरकार हाइसन्चो मानेर बसिरहेको छ । जनस्वास्थ्यको योभन्दा बढी बेवास्ता के हुन सक्छ ?

*दिनेश तिवारी*
*नक्साल, काठमाडौं ।*



तस्वीर : रासस

**चैतेदसैंका अवसरमा बागलुङस्थित प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिर परिसरमा सञ्चालित मेलामा विक्रीमा राखिएका डालानाङ्ला । वर्षेनि लाग्ने यस मेलामा स्थानीय उत्पादन बेच्न व्यापारीहरू गाउँदेखि सदरमुकाम आउने गर्छन् ।**

# नारायणगढ–बुटवल खण्डको दाउन्नेमा अत्यधिक सास्ती

हिमा वि.क
काठमाडौं

- **१९ दिनसम्म दिउँसो र राति यातायात बन्द गरेर सडक बनाउने निर्णय**
- **४ दिन दिउँसो र १५ दिन राति ११ बजेदेखि बिहान ५ बजेसम्म सवारी निषेध**
- **बर्दघाटको उकालोदेखि दुम्कीवाससम्मको १३ किमी सडक बन्द गरिने**

नारायणगढ - बुटवलखण्डको निर्माणाधीन दाउन्ने खण्डमा अत्यधिक धूलो र सवारी बिग्रँदा यातायात आवागमनमा सास्ती भएपछि यो खण्डमा बन्द गरेर सडक बनाउने निर्णय भएको छ । सानोतिनो प्रयासले उक्त खण्डमा हिँडिसाध्य नभएपछि सरकारले बर्दघाट (एसमोड) उकालोदेखि दुम्कीवाससम्मको १३ किलोमीटर (किमी) सडक दिउँसो र राति विभिन्न समयमा १९ दिनसम्म बन्द गरेर काम गर्ने निर्णय गरेको हो ।

शनिवार नवलपरासीका प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुख, गाउँपालिका अध्यक्ष, एशियाली विकास बैंकअन्तर्गत सडक विभागमा रहेको आयोजना निर्देशनालय र आयोजना परामर्शदातासहितको बैठकले यातायात रोकेर सडक बनाउने निर्णय गरेको हो । यात्रा गर्न अति कठिन भएपछि सडक नै बन्द गर्ने निर्णयमा सरकार पुगेको हो । आयोजना निर्देशनालयका आयोजना निर्देशक चुडाराज ढकालले चैत २५ वा २६ गतेदेखि लागू हुने गरी पहिलो ४ दिनलाई दिउँसो र त्यसपछिको १५ दिन राति यातायात निषेध गर्ने निर्णय भएको जानकारी दिए ।

'शनिवार दाउन्ने खण्ड बन्द गरेर सडक बनाउने निर्णय भएको छ,' उनले भने, 'अब गृहको अनुमति लिएर २५ वा २६ गते कुन दिनबाट लागू गर्ने भन्ने सूचना आउनेछ, शनिवारको निर्णयअनुसार पहिलो ४ दिन बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म बाटो बन्द हुनेछ भने त्यसपछि १५ दिन राति ११ बजेदेखि बिहान ५ बजेसम्म बन्द हुनेछ ।' सानोतिनो प्रयासले हिँडिसाध्य नभएपछि यातायात निषेध गरेरै बनाउने निर्णय भएको उनले बताए ।

बर्दघाटको उकालो (एसमोड)देखि दुम्कीवाससम्मको १३ किलोमीटरमा सवारी निषेध गरेर सडक बनाउने निर्णय भएको छ । उक्त खण्ड ३ लेनको बन्नेछ । अहिले दाउन्ने खण्ड धूलाम्मे छ । कामदार धूलाम्मे भएर काम गरिरहेका छन् । चिनियाँ कम्पनीसँग सब-कन्ट्र्याक्टर भएर काम गरेका एक नेपाली निर्माण व्यवसायीका अनुसार धूलो बढी भएकाले कामदारहरू छाडेर जान थालेका छन् । साइटमा कामदारका टेन्ट पनि राखिएका छन् । तर, अत्यधिक धूलोले कामदार बस्ने टेन्ट चिन्नै सकिँदैन ।



निर्माण भएपछि यो खण्ड ३ लेनको हुन्छ । अहिले २ लेनको यो खण्डमा ठूला सवारीसाधन बिग्रिँदा घण्टौं ट्राफिक जाम हुने गरेको छ ।

निर्माण कम्पनीले साइटमा पानी नहाल्दा कामदार धूलोमै काम गर्न बाध्य छन् । उनीहरूमा आँखा पोल्ने, सुक्खा खोकी लाग्नेजस्ता समस्या देखिएको नेपाली निर्माण व्यवसायीले बताए । अर्घाखाँची-काठमाडौं हाइस चलाउँदै आएका चालक सीताराम भुसालले पहिला १२ घण्टामा अर्घाखाँचीबाट काठमाडौं पुगिनेमा अहिले १५/१६ घण्टा लाग्ने गरेको बताए । अहिले भने यो सडकका विभिन्न खण्डमा कालोपत्र भएकाले यात्रा केही सहज भएको उनको भनाइ छ ।

चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन लिमिटेडले यो सडक खण्ड बनाउँदै छ । बुङबुङती धूलो उड्दा सवारीसाधन दिउँसै लाइट बालेर चलाउनुपर्ने अवस्था छ । यात्रुले दाउन्ने बजारदेखि विनयी पुलसम्म निकै सास्ती खेप्नुपर्छ । नेपाल प्रहरी र ट्राफिक प्रहरी दाउन्ने खण्डमा बाटो खुलाउन लागिपरेका हुन्छन् ।

सरकारले उक्त कम्पनीलाई २०८२ साउनसम्म म्याद थपिदिएको छ । तर, कम्पनीले २०८३ साउनसम्ममा मोटामोटी सडक बनाइसक्ने बताएको ढकालले जानकारी दिए । अहिले कै रफ्तारमा काम भए दाउन्नेमा वर्षायाम हिलो नहुने उनको दाबी छ । अन्य सडक खण्ड भने कालोपत्र भएको छ ।

निर्माण कम्पनीले शुरूकै साढे ३ वर्षसम्म १५ प्रतिशतमात्रै काम गरेको थियो । अहिले कामको गति बढेको छ । कतिपय समयमा सरकारले बजेट नै नदिँदा कम्पनीले ५/६ महीना काम गर्न सकेन । कम्पनीको हेड अफिसबाट पनि बजेट ल्याएर काम गरेकाले अहिले काम भइरहेको छ । 'निर्माण कम्पनीले बिल दिएअनुसार निर्देशनालयले रकम निकासा गर्ने गरेको छ,' ढकालले भने, 'हामीले बिल उठेअनुसार रकम दिन्छौं, मूल्य वृद्धिले हामीले २ किलोमीटरको रकम भुक्तानी दिँदा थप १ किमी मात्रै बनाउन पुग्ने भयो । अहिले कम्पनीको हेड अफिसले आएर साइट हेरेपछि रकम दिन्छौं भनेको हुँदा काम हुन्छ भन्ने हो ।'

२०७९ कात्तिकमा सडक विभागले नारायणगढ-बुटवल सडक खण्ड विस्तारमा प्रमुख ३ कारणले ढिलासुस्ती भएको निष्कर्ष निकालेको थियो । विभागका तत्कालीन महानिर्देशक अर्जुनजंग थापासहितको टोलीले साइटमै गएर २ दिन गरेको अवलोकनबाट सरकार-निर्माण कम्पनी र स्थानीय पालिकाहरूको असहयोगका कारण काममा ढिलासुस्ती भएको निष्कर्ष निकालेको थियो ।

११४ किलोमीटरको नारायणगढ-बुटवल सडक साढे ३ वर्षमा सम्पन्न गर्ने गरी २०७५ माघमा सडक विभाग र चिनियाँ कम्पनीबीच सम्झौता भएको थियो । सो खण्डको स्तरोन्नति र विस्तारका लागि विभाग र कम्पनीबीच भएको सम्झौताअनुसार यो खण्ड २०७९ साउन २२ गते नै सम्पन्न भइसक्नुपर्ने थियो । योबीचमा सरकारले तीनपटक म्याद थपिदिएको छ ।

१६ अर्ब रुपैयाँ लागतको यो सडक निर्माणमा ठेकेदारको खेलाँची र सम्बद्ध निकायले समयमै साइट क्लियर नगर्दा अत्यन्तै कम प्रगति देखिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले केही समयअघि उक्त कम्पनीलाई ठेक्का तोड्नेसम्मको चेतावनी दिएको थियो । उक्त खण्डको ७० किमी ४ लेन र २९ किमी ४ लेनसहित दुईतर्फ ६/६ मिटरको सर्भिस लेनमा विस्तार हुनेछ । दाउन्ने खण्डको १३ किमीमा भने ३ लेनमा सडक विस्तार हुनेछ ।

**घाम पावर नेपाल**

# नेपालको ठूलो ब्याट्री संग्रह परियोजना बनाउने

काठमाडौं (अस) । नेपालमा ४ मेगावाट प्रतिघण्टा क्षमताको ब्याट्री ऊर्जा संग्रह (स्टोरेज) प्रणाली स्थापना गर्ने परियोजना निर्माणको जिम्मा घाम पावर नेपाल प्रालिले पाएको छ । संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (युनिडो)को यो परियोजना घाम पावरले प्राक्टिकल एक्सन र स्वानबार्टनसँगको सहकार्यमा पाएको हो ।



यो परियोजनाले उद्योग तथा व्यवसायमा डिजेलको प्रयोग घटाएर कार्बन उत्सर्जन कम गर्ने र स्मार्ट ग्रिड विकासका माध्यमले टिकाउ ऊर्जा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

युनिडोका महानिर्देशक गेर्ड मुलरले यस परियोजनाको शुभारम्भ गरेका हुन् । विश्वका पाँच देशमा एकैपटक सञ्चालन हुने परियोजनाको उद्घाटन समारोहमा नेपाली राजदूत भरतकुमार रेग्मी, घाम पावरका कार्यकारी प्रमुख अञ्चल निरौला, स्वानबार्टन र प्राक्टिकल एक्सनका प्रतिनिधिहरू उपस्थित थिए ।

परियोजनाले प्रदूषण फैलाउने डिजेल जेनेरेटरहरूलाई सौर्य ऊर्जा सञ्चालित ठूलो ब्याट्री प्रणालीबाट प्रतिस्थापन गर्ने बताइएको छ । यसबाट आगामी २५ वर्षमा २ हजार ८०० टन कार्बन उत्सर्जन र १ हजार किलोलिटर डिजेलको खपत घट्ने अनुमान छ । यसले नेपालको उद्योग क्षेत्रलाई स्वच्छ र दिगो भविष्यतर्फ लैजाने अपेक्षा गरिएको छ ।


कृत्रिम बौद्धिकता (एआई) मा आधारित ऊर्जा प्रणालीले उद्योगहरूको ऊर्जा खपत घटाउने, विद्युत् आपूर्ति विश्वसनीय बनाउने र स्थायी ऊर्जा प्रयोग बढाउने बताइएको छ । युनिडोको एक्सिलेरेट-टु-डेमोन्स्ट्रेट (एटुडी) सुविधाअन्तर्गत विश्वभरबाट छनोट भएका पाँच परियोजनामध्ये नेपाली परियोजना पनि एक हो । यो परियोजना नेपालको ऊर्जा क्षेत्रमा ऐतिहासिक हुने बताइएको छ ।

**पृष्ठ १ बाट क्रमशः**

## कोरोनाबाट अर्थतन्त्रको...

कोभिड प्रभावित उद्योगलाई राहत दिन पुनर्कर्जा, थप चालू पुँजी कर्जा, व्यवसाय निरन्तरता कर्जा दिनुका साथै पुनः संरचना र पुनर्तालिकीकरणको सुविधासमेत दियो ।

मौद्रिक नीतिका कारण बजारमा नगद प्रवाह वृद्धि भई अर्थतन्त्र चलायमान भए पनि लगानी अनुत्पादक क्षेत्र र आयातमा प्रयोग हुँदा अर्थतन्त्रको बाह्य क्षेत्रमा नकारात्मक असर पर्‍यो । शोधनान्तर घाटा ठूलो मात्रामा बढ्यो भने ७ महिनाको आयात धान्ने गरी विदेशी मुद्रा सञ्चित राख्ने राष्ट्र बैंकले लक्ष्य रहेकोमा त्योभन्दा कम समयको आयात धान्ने अवस्था बन्यो । बैंक, वित्तीय संस्थामा तरलता संकट देखापर्‍यो, जसका कारण तिनीहरू थप लगानी गर्न नसक्ने स्थितिमा पुगे ।




गभर्नर अधिकारीले भने कोरोना महामारीको बेला राष्ट्र बैंकले लिएको नीतिले अर्थतन्त्रलाई लयमा ल्याउन भूमिका खेलेको दाबी गरेका छन् । शुक्रवारको पत्रकार सम्मेलनमा उनले महामारीको प्रभाव कहिलेसम्म कस्तो रहन्छ भन्ने अनिश्चितताबीच राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा गर्दा सजगतापूर्वक तथा तथ्यमा आधारित भएर केही परम्परागत र केही गैरपरम्परागत उपाय अवलम्बन गरेको बताए । 'यस्ता उपायहरूले अर्थतन्त्रलाई लयमा राख्नुका साथै समकक्षी देशहरूको तुलनामा बलियो अवस्थामा राख्न मद्दत गरेको छ,' उनले भने ।

अर्थतन्त्र उकास्न लिइएको उदार मौद्रिक नीतिले खासगरी अर्थतन्त्रको बाह्य क्षेत्रमा असर गरेपछि त्यसपछि पछिल्ला २ आवमा केन्द्रीय बैंकले कसिलो नीति लियो ।

कसिलो नीतिका कारण आन्तरिक आर्थिक गतिविधि शिथिल हुन पुग्यो । बैंकमा अधिक तरलताको अवस्था छ, ब्याजदर न्यून बिन्दुमा घटेको छ, तर बजारमा माग बढ्न सकेको छैन । यसले गर्दा चालू वर्षमा केन्द्रीय बैंक लचिलो भए पनि सुधार हुन सकेको छैन ।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा गभर्नर अधिकारी शुरूमा आवश्यकताभन्दा बढी उदार भएकाले बढी असर परेको विश्लेषण गर्छन् । 'कोभिड प्रभावित उद्योग पुनरुत्थान गर्ने नाममा उहाँले माग र आवश्यकताभन्दा बढी सहुलियत दिनुभयो । यो लगानी विलासी उपभोग्य सामान खरीद र शेयरबजारमा मात्र गयो, जसले अर्थतन्त्रमा नकारात्मक असर पर्न गएको छ ।'

**'करेक्सन'को प्रयासले विवादमा**

आफैले दिएको राहतले नकारात्मक असर परेपछि गभर्नर अधिकारीले 'करेक्सन'को नीति लिए । आव २०७९/८० को मौद्रिक नीतिमार्फत 'सजगतापूर्वक कसिलो' नीति लिँदै राष्ट्र बैंकले कोभिडमा दिएको सुविधा बन्द गर्दै लग्यो । राष्ट्र बैंकले ब्याजदर वृद्धि गर्नुका साथै घरजग्गा, शेयरबजारको कर्जालाई कडाइ र अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने एवं साना तथा मझौला व्यवसायलाई संरक्षण गर्ने नीति अघि सार्‍यो । चालू पूँजी कर्जा मागर्दशन जारी भयो । शेयरबजारमा जाने कर्जामा सीमा तोकियो । यसैगरी विदेशी मुद्रा सञ्चिति न्यून बिन्दुमा झरेपछि आयात निरुत्साहित गर्ने नीति लिइयो ।

राष्ट्र बैंकको यो नीतिसँगै आर्थिक गतिविधि एकाएक शिथिल हुन पुग्यो । यसमा विश्वव्यापी आर्थिक मन्दी पनि कारण त थियो तर यससँगै गभर्नर अधिकारी भने विवादमा तानिए । २०७९ कात्तिकमा नेपाल उद्योग वाणिज्य महासंघका तत्कालीन उपाध्यक्षहरू अञ्जन श्रेष्ठ, रामचन्द्र संघई, दिनेश श्रेष्ठ लगायत पदाधिकारीकै उपस्थितिमा नेपाल राष्ट्र बैंकविरुद्ध सडक आन्दोलनसमेत भयो । उद्योगी व्यवसायीले राष्ट्र बैंकको नीतिले उद्योग व्यवसाय धराशयी भएको भन्दै ब्याजदर एकल बिन्दुमा कायम हुनुपर्ने, राष्ट्र बैंकले नियामकीय छूट दिनुपर्ने, पुनर्कर्जा दिनुपर्ने, कर्जाको पुनर्तालिकीकरण गर्नुपर्ने र चालू पूँजी कर्जासम्बन्धी नीति तत्काल कार्यान्वयन गर्न नहुने माग अघि सारेका थिए ।

नेपाल उद्योग परिसंघको बैंकिङ एन्ड फाइनान्सियल इन्स्टिच्युट कमिटीमा प्रमुखसमेत रहेका पूर्वबैंकर अनलराज भट्टराई कोभिडमा दिएको सुविधामा एकैपटक ब्रेक लगाउँदा समस्या देखिएको बताउँछन् । 'कोभिडमा दिएको सुविधा विस्तारै कटौती गर्दै लगेको भए व्यवसायीलाई सजिलो हुन्थ्यो,' उनले भने, 'एकैपटक ब्रेक लगाउँदा बढी प्रभाव पर्‍यो र विरोध पनि भयो ।'

**सडकदेखि सरकारसम्म विरोध**

कार्यकालको शुरुआती वर्षमा सर्वत्र प्रशंसा बटुलेका गभर्नर अधिकारी पछिल्लो समय भने केही विवादमा तानिए । सरकारसँगको बढ्दो दूरी अदालतसम्म पुग्यो भने गभर्नरविरुद्ध उद्योगी व्यवसायीले सडक संघर्षको कार्यक्रमसम्म गरे ।

अधिकारीलाई गभर्नर नियुक्त गर्दा केपी शर्मा ओली प्रधानमन्त्री र डा. युवराज खतिवडा अर्थमन्त्री थिए । २०७८ असारदेखि कांग्रेसबाट शेरबहादुर देउवा प्रधानमन्त्री भए, अर्थमन्त्रीको जिम्मेवारीमा नेकपा (माओवादी केन्द्र)का जनार्दन शर्मा आए । त्यसपछि गभर्नर र सरकारबीच विवाद बढ्दै जाँदा २०७८ चैतमा मन्त्रिपरिषद् बैठकले गभर्नरमाथि छानबिन गर्न पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारीको नेतृत्वमा डा. सूर्य थापा र डा. चन्द्रकान्त पौडेल सदस्य रहेको जाँचबुझ समिति गठन गर्‍यो । सरकारले गभर्नरमाथि सरकारलाई असहयोग गरेको, महत्त्वपूर्ण आर्थिक सूचना सञ्चारमाध्यमबाट सार्वजनिक गरेको र देशको आर्थिक अवस्था सुधार्न काम नगरेकोलगायत आरोप लगाएको थियो ।

सरकारले छानबिन समिति गठन गरेसँगै स्वतः निलम्बनमा परेका गभर्नर अधिकारी सर्वोच्च अदालतबाट जारी भएको अन्तरिम आदेशबाट पुनर्बहाली भए । तर, अहिलेसम्म उक्त मुद्दाको अन्तिम किनारा लागेको छैन । सरकार परिवर्तनसँगै गभर्नर अधिकारीले मन्त्रिपरिषद्बाट निर्णय फिर्ता गर्ने प्रयास गरे पनि सफल हुन सकेनन् ।

शुक्रवारको पत्रकार सम्मेलनमा तत्कालीन सरकारले गरेको कारबाहीको प्रयासलाई केन्द्रीय बैंकको स्वायत्ततामाथि ठाडो हस्तक्षेपका रूपमा व्याख्या गरे ।

'केन्द्रीय बैंक सञ्चालनको विश्वव्यापी मान्यता तथा मर्मअनुरूप यस बैंकको स्वायत्ततालाई अक्षुण्ण राखिदिनुहुने सम्मानित सर्वोच्च अदालत, माननीय न्यायाधीशज्यूहरू, वरिष्ठ विद्वान् आदरणीय अधिवक्ताज्यूहरू र समस्त न्याय प्रणालीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्छु,' उनले भने ।

गभर्नर अधिकारीको कार्यकालको अन्तिम वर्षमा योग्यतासम्बन्धी मुद्दा पनि सर्वोच्चमा दायर भयो । अधिवक्ता दीपकराज जोशी, दामोदर तिम्सिना, प्रकाशसिंह ठकुराठी तथा कानून व्यवसायी यमप्रसाद भट्टराई र चूडामणि भण्डारीले अधिकारीको शैक्षिक योग्यता राष्ट्र बैंक ऐनले तोकेअनुसार नभएकाले नियुक्ति खारेजी गर्न माग गर्दै रिट दायर गरे पनि अदालतबाट फैसला भएको छैन ।

यहीबीचमा तत्कालीन प्रतिपक्षी दल नेकपा (एमाले)को अर्थ समिति सदस्यमा खोटाङ घर भएका 'एम अधिकारी'को नाम भेटिएपछि गभर्नर अधिकारी विवादमा तानिए । उनले पार्टीमा आफ्नो संलग्नता अस्वीकार गरेपछि एमालेले एम अधिकारीको हुन् भनेर अझैसम्म पनि सार्वजनिक रूपमा चिनाउन सकेको छैन ।

विद्युतीय कारोबारमा सफलता

कोभिड महामारीकै बीचमा गभर्नरको जिम्मेवारी लिएका अधिकारीले विद्युतीय कारोबारलाई प्रोत्साहन गर्न सार्वजनिक कार्यक्रममै भने, 'अब मेरो हस्ताक्षर भएका नोटहरू नमूनाका रूपमा मात्र रहुन्, तपाईंहरूको हातहातमा नपुगोस् ।' विद्युतीय कारोबारलाई बढावा दिनकै लागि उनी कहिले तरकारी बजारमा त कहिले मन्दिरमा क्यूआर कोड उद्घाटन गर्न पुगे । समयको आवश्यकता र राष्ट्र बैंकको नीतिका कारण आज विद्युतीय कारोबार आम सर्वसाधारणमा लोकप्रिय बन्दै गएको छ ।

उदाहरणका लागि, अधिकारी भभर्नर भएपछि २०७७ असारमा क्युआर माध्यमबाट ८ लाख ५५ हजार ५६६ पटक कारोबार भएकोमा यो वर्षको माघमा मात्रै २ करोड ६३ लाख ६ हजार ९७५ पटक क्युआर कारोबार भएको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ छ । रकमको आधारमा पनि क्यूआरबाट कारोबार उल्लेख्य बढेको देखिन्छ । २०७७ असारमा ३ अर्ब ६५ करोड रुपैयाँ क्यूआरमार्फत भुक्तानी भएकोमा यो वर्ष माघमा ७७ अर्ब ९० लाख रुपैयाँ भुक्तानी भयो । त्यसैगरी मोबाइल बैंकिङ, आरटीजीएस, वालेटबाट हुने भुक्तानी पनि व्यापक बढेको छ ।

यसलाई पनि गभर्नर अधिकारीले आफ्नो कार्यकालको उपलब्धिको रुपमा चित्रण गरे । '(राष्ट्र) बैंकले लिएको प्रोत्साहनमूलक व्यवस्थाका कारण डिजिटल भुक्तानी विस्तारमा मुलुकले उल्लेख्य प्रगति प्राप्त गरेको छ,' अधिकारीले भने । 'फिनटेक कम्पनीहरूको लगानी, भुक्तानी सेवासँग सम्बद्ध संस्थाहरू, बैंक वित्तीय संस्थाहरूको सक्रियता र सर्वसाधारणको अभिरुचिले विद्युतीय भुक्तानीमा क्रान्ति नै ल्याइदिएको छ ।'

## नेपाली खाद्य...

त्यसपछि भारतीय दूतावासले विभागलाई पत्र लेखेको थियो । कर्णका अनुसार विभागअन्तर्गतको प्रयोगशालमा परीक्षण गरिएको १० खाद्य पदार्थ समूहअन्तर्गत फ्याट्स एन्ड आयल, फ्रुट्स एन्ड भेजिटेबल, सिरियल्स् प्रोडक्ट्स (चामल, गहुँ, मकै, कोदो), टी एन्ड कफी, मिल्क एन्ड डेरी प्रोडक्ट्स, हनी एन्ड स्वीटनरर्स, मिट प्रोडक्ट, स्पाइसेज, प्रोसेस्ड ड्रिकिङ वाटर र डायटरी सप्लिमेन्ट्सलगायत वस्तुको परीक्षण प्रतिवेदनलाई भारतले मान्यता दिएको हो ।

'यससँगै नेपालबाट भारतमा खाद्य वस्तु निर्यात गर्दै आएका निर्यातकर्ता व्यवसायीलाई सहज हुनेछ । यसअघि यी वस्तु निर्यातका लागि परीक्षण गराउन व्यवसायी आफै भारतको लखनउ, कोलकातालगायत स्थानमा जानुपर्थ्यो । एउटै परीक्षणका लागि व्यवसायीले २५ हजार रुपैयाँसम्म खर्च गर्नुपर्ने बाध्यता थियो । अब खाद्य वस्तु परीक्षण गर्न भारत जानु पर्दैन र व्यवसायीको खर्च पनि घटनेछ,' उनले भने ।

अबदेखि नेपालकै प्रयोगशालाले गुणस्तर प्रमाणीकरण गरेको प्रमाणपत्र, निर्यातसम्बन्धी प्रमाणपत्र र वस्तुको ब्याच (लट) नम्बर प्रमाणपत्रको आधारमा व्यवसायीले खाद्यवस्तु भारत निर्यात गर्न पाउने छन् ।

नेपाली व्यवसायीलाई भारतसम्म गएर गुणस्तर परीक्षण गराउनुपर्ने बाध्यता हटाउन भारतले नेपाललाई आफ्नै प्रयोगशालाको पूर्वाधार बढाउन र आधुनिक प्रयोगशाला निर्माण आग्रह गरेको थियो । सोहीअनुरूप नेपालले अहिले उक्त पूर्वाधार निर्माण गरेको हो ।

यसअघि २८४ प्यारामिटरसम्मको गुणस्तर परीक्षण गर्ने क्षमता रहेको नेपालको प्रयोगशालाले हाल ६३० प्यारामिटरसम्मको गुणस्तर परीक्षण र विश्लेषण गर्ने क्षमता राख्छ । यसअनुरूप मुख्य १० खाद्य वस्तुसहित नेपालले भारतकै मापदण्डबमोजिम अन्य वस्तुको समेत परीक्षण गर्न सक्ने भएकाले अन्य खाद्य वस्तुको हकमा पनि भारतसँग अनुमति मागिने महानिर्देशक कर्णले आर्थिक अभियानलाई बताए ।

## भारतले दियो...

गुणस्तरको कारण देखाउँदै रोकिएका प्लाइउडको ३४ ट्रक नेपालतिरै फर्किएको मेची भन्सार प्रमुख राजेन्द्रप्रसाद चुडालले पुष्टि गरे । प्लाइउड उत्पादक संघको तथ्यांकअनुसार नेपालमा ३७ अर्ब ५० करोड रुपैयाँ लगानीमा खुलेका ४७ ओटा प्लाइ उद्योग छन् ।

भारतको उद्योग संवर्द्धन तथा आन्तरिक वाणिज्य विभागले २०२४ नोभेम्बरमा जारी गरेको सूचनामा प्लाइउडका लघु, साना तथा मझौला उद्योगले २०२५ फेब्रुअरी २८ सम्म बीआईएस गुणस्तर प्रमाणपत्र लिनु नपर्ने बताएको थियो । विभागले २०२५ फेब्रुअरी २८ मा अर्को सूचना जारी गर्दै लघु, साना तथा मझौला उद्योगले आगामी मे २८ सम्म बीआईएस लिनु नपर्ने बताएको थियो । उक्त अवधिमा उद्योगहरूले आफ्नो गुणस्तर बढाएर बीआईएस स्टचान्डर्डमा पुर्‍याउने समयसीमा दिइएको थियो । तर, ३ साताअघि एकाएक प्लाइ निकासी रोकिएपछि नेपाली उत्पादकबीच अन्योल छायो ।

अहिले भारतबाट प्राविधिक आएर निरीक्षण गरी स्वीकृति दिन थालेकाले ३ महीनाभित्र यहाँका निकासी गर्ने सबै उद्योगले गुणस्तर पूरा गरेको प्रमाणपत्र पाउने र निकासी सहज हुने प्लाइउड उत्पादक संघका अध्यक्ष घिमिरेले बताए ।

भन्सार विभागको तथ्यांकअनुसार भारतलगायत मुलुकमा प्लाइउडको निकासी बढेको देखिन्छ । आर्थिक वर्ष (आव) २०७८/७९ मा ४ अर्ब ६८ करोड ९८ लाख ४४ हजार रुपैयाँ बराबरको प्लाइ निकासी भएको थियो । गत आव २०८०/८१ मा ४ अर्ब ८६ करोड ८६ लाख २६ हजार रुपैयाँको प्लाइ भारत निकासी हुँदा चालू वर्षको फागुन समान्तसम्ममा ६ अर्ब रुपैयाँको निकासी भइसकेको छ । उद्योगीले करीब १० अर्बको निकासी गर्ने लक्ष्य राखेको बताएका छन् । २ हजार ५०० जनाले प्रत्यक्ष रोजगारी रहेको प्लाइउड उद्योगहरूले भारतबाहेक अन्य मुलुकमा समेत आफ्नो उत्पादन निकासी गर्दै आएका छन् ।

नेपाल सरकारले तयारी प्लाइउडको निकासीमा नगद अनुदान दिने निर्णय गरेपछि उद्योगीले गत आवदेखि निर्यातलाई प्राथमिकता दिएका हुन् । तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूका पालामा प्लाइउडको नर्यातमा ४ देखि ८ प्रतिशतसम्म नगद अनुदान दिने निर्णय सरकारले गरेको थियो । पहाडी क्षेत्रमा पाइने उत्तिस, चिलाउने, कदम, आँप, आस्ना, कर्मालगायत काठको भेनियरबाट प्लाइउड निर्माण हुन्छ । झ्याल ढोकाको पल्ला, पार्टेशन र फर्निचर निर्माणमा प्लाइउड प्रयोग हुन्छ ।

**प्लाइउड बोकेका ३४ ट्रक भारतीय नाकाबाट फर्काइए**

फागुन २७ मा भारत निकासीका लागि ८ करोड ५० लाख मूल्य बराबरको प्लाइउड बोकेर मेचीपारि पानीटंकी पुगेका ट्रकलाई ३ सातापछि भारतीय भन्सारले गुणस्तर नपुगेको भन्दै फिर्ता पठाइदिएको छ । भारतीय भन्सार कार्यालयले ब्युरो अफ इन्डियन स्टचान्डर्ड (बीआईएस) प्रमाणीकरण नभएको भन्दै नेपाली सामान नाकामै रोकिदिएपछि कूटनीतिक माध्यमबाट समस्याको समाधान गर्न खोजिए पनि त्यो सम्भव नभएपछि मालवाहक ट्रक फिर्ता आएको मेची भन्सार प्रमुख राजेन्द्रप्रसाद चुडालले बताए । उनले आफूले भन्सार विभाग र वाणिज्य दूतावासमार्फत प्रयास गरे पनि गुणस्तर कायम गरिएबाहेकका उद्योगको माल फिर्ता आएको हो ।

नेपाल प्लाइउड उत्पादक संघका केन्द्रीय अध्यक्ष होमप्रसाद घिमिरेले अहिले फिर्ता भएर आएको सामान पनि गुणस्तर परीक्षण पास भएपछि निकासी हुने बताए । अहिले बीआईएसका प्राविधिकले नेपाली प्लाइउड उद्योगहरूको गुणस्तर परीक्षण गरिरहेको र त्यसअन्तर्गत ती उद्योगसमेत परीक्षणबाट पास भएपछि सहज निकासी हुने उनको भनाइ छ ।

## बचत तथा ऋण...

बचत र ऋणको ब्याजदर अन्तर ६ प्रतिशतभन्दा बढी हुन नपाउने नियम ल्याइएको छ । ब्याजदर गणना गर्दा बचत र ऋणको भारित औसत ब्याजदरलाई आधार मान्नुपर्ने छ । 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड'मा सहकारी संस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/ब्याज भुक्तानी अवधिका आधारमा वर्गीकरण गर्नुपर्ने उल्लेख छ । सक्रिय ऋणमा भाखा ननाघेका वा भाखा नाघी ३ महीना व्यतित नभएको, सदस्यहरूको बचतको सुरक्षणमा प्रवाह गरेको ऋणलाई असल ऋण मानिएको छ ।

निष्क्रिय ऋणमा ३ देखि ६ महिनासम्म भाखा नाघेकोलाई कमसल, ६ देखि १२ महीनासम्म भाखा नाघेकोलाई शंकास्पद र १२ महीनाभन्दा बढीले भाखा नाघेकोलाई खराब मानिएको छ । सरकारले गत पुसमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्दै नयाँ व्यवस्था राखेको थियो । त्यसैलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी मापदण्ड जारी गरिएको राष्ट्र बैंकका एक उच्च अधिकारीले बताए ।

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत ८ |
| २ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | होटल पिस प्यालेस, बागलुङ | चैत २७ | ११:०० | ५.७५ | ०.३०२७ | ११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १५ |
| ३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल अमुप्रस्थ ब्याङ्क्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ, काठमाडौं | वैशाख २ | ११:०० | | | एफपीओ निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २२ |
| ४ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | विशेष | होटल एयरपोर्ट, विराटनगर, मोरङ्ग | वैशाख ५ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत २८ |
| ५ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर, तनहुँ | वैशाख ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २६ |

## जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २२६२.२५ | ३३०० | १००० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ११४९.४६ | १४७५ | ४८० |
| ३ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०३५.४३ | १२७५ | ४४९ |
| ४ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | १०२६.०९ | १३६१.७ | ५७९.१ |
| ५ | सुपर मादी हाइड्रोपावर लिमिटेड | ९६३.४९ | १६५७ | ४२१.५ |
| ६ | सुपरमाई हाइड्रोपावर लिमिटेड | ९३३.७१ | १२८३ | ६४० |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ८९३.१५ | ११८० | ५९४ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ८८६.२१ | १४९३.१ | ६७२ |
| ९ | शुभम पावर लिमिटेड | ८८४.२ | ११०९.६ | ६२३.५ |
| १० | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८६१.६८ | ९९० | ४५२.२ |
| ११ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८१९.२४ | १२३१ | ४७५.४ |
| १२ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ८०२ | १००२.६ | ४०८ |
| १३ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७९२.५५ | १०८० | ३३७.२ |
| १४ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७६५.१९ | ९२२ | ४४३ |
| १५ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ७४७.२४ | ९९३.४ | ३४९.९ |
| १६ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७३७.६ | ९६१ | ४५० |
| १७ | एशियन हाइड्रोपावर लिमिटेड | ७३२.७९ | ९०४ | ४२६.१ |
| १८ | रिभर फल्स पावर लिमिटेड | ७३०.४९ | १४८४ | ३२२.९ |
| १९ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७२५.८१ | ९२६.८ | ४८४.९ |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७०९.१३ | ८६० | ३४२ |
| २१ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ७०५.४८ | ११०१ | ३८४ |
| २२ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७०४.८८ | ९१० | ४८०.५ |
| २३ | माईखोला हाइड्रोपावर लिमिटेड | ६९०.३७ | ७६५ | ३९९ |
| २४ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ६८९.४२ | ८९०.४ | ३९५ |
| २५ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ६८८.५३ | ९९७ | ४२३.९ |
| २६ | दोल्ती पावर कम्पनी लिमिटेड | ६८७.०८ | १०१७ | ३९०.१ |
| २७ | ईङवा हाइड्रोपावर लिमिटेड | ६७७.१७ | ८३८ | ३५९.१ |
| २८ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ६७०.६ | ८१६ | ४४५.१ |
| २९ | हिमालयन पावर पार्टनर लिमिटेड | ६५२.९३ | ६७० | २४४ |
| ३० | न्यादी हाइड्रोपावर लिमिटेड | ६३१.८९ | ८८० | २७६ |
| ३१ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६१०.२१ | ७४५.६ | २७५.१ |
| ३२ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६१०.०८ | ७५२ | ३५६.१ |
| ३३ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | ६०९.८६ | ७९० | ३२५ |
| ३४ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ५९३.८१ | ८०० | ३४३.६ |
| ३५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ५९०.८२ | ८०९.५ | ४९८.१ |
| ३६ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट क. लि. | ५८९.५३ | ८२९.७ | ४५५.७ |
| ३७ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५७५.६८ | ७१४ | ३४९.१ |
| ३८ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५४६.२४ | ७३५ | ४०२ |
| ३९ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५४०.३५ | ६९६ | २९४ |
| ४० | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. | ५३९.५३ | ६४९.५ | ३०२.१ |
| ४१ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५३९.२४ | ७२२ | ४६४ |
| ४२ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५३६.१६ | ७०८ | ३०४.१ |
| ४३ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५३४.५७ | ६७१.६ | ४१० |
| ४४ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५२९.४२ | ६९७ | ४३१ |
| ४५ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५२६.१६ | ६२७ | २९८ |
| ४६ | कालिका पावर कम्पनी लिमिटेड | ५२४.२५ | ६५२.४ | ३८०.२ |
| ४७ | पिपुल्स पावर लिमिटेड | ५२३.३६ | ६८३.४ | ४२८ |
| ४८ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५१८.६४ | ६३७ | ३४८ |
| ४९ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५१६.९६ | ६५५ | ३५५ |
| ५० | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५१५.९४ | ६९३ | ३१७ |
| ५१ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५१२.६६ | ५५० | २११ |
| ५२ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५०६.३९ | ६३५ | ३३०.५ |
| ५३ | ग्रीन भेन्चर्स लिमिटेड | ५०५.२ | ६९९.९ | ४०२.४ |
| ५४ | साहस उर्जा लिमिटेड | ५०३.६५ | ७२५ | ४०९.५ |
| ५५ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५०१.५४ | ७४२ | ४२२ |
| ५६ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ४८१.४८ | ६९७ | ४२६.३ |
| ५७ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४७९.९६ | ६८० | ३१६ |
| ५८ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ४७९.८१ | ५९९.७ | २९५.१ |
| ५९ | राधी विद्युत् कम्पनी लिमिटेड | ४४०.६१ | ४७७ | २२३.२ |
| ६० | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४४०.१५ | ४७४ | २२३.१ |
| ६१ | बुटवल पावर कम्पनी लिमिटेड | ३९७.२ | ५३६.५ | २८४.४ |
| ६२ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३९४.६५ | ४२७.२ | १८५.३ |
| ६३ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३८१.९९ | ५२७ | २६०.३ |
| ६४ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३७४.४ | ६९६ | ३५६.४ |
| ६५ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३७४.०९ | ५२१.६ | २६५ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३४५.५५ | ४७५ | २०९ |
| ६७ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३२५.४९ | ३८९ | २२०.२ |
| ६८ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३२१.९९ | ४४२ | २५६ |
| ६९ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३२१.०२ | ४३३ | २७९.३ |
| ७० | पाँचथर पावर कम्पनी लिमिटेड | ३१८.०१ | ३६७.२ | २२० |
| ७१ | मोदी ईनर्जी लिमिटेड | ३१६.६३ | ३९३ | २१५ |
| ७२ | युनियन हाइड्रोपावर लिमिटेड | ३१४.५७ | ३७१ | २१२.६ |
| ७३ | वलेफी हाइड्रोपावर लिमिटेड | ३०५.३६ | ५२० | २८७.१ |
| ७४ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | २९५.६९ | ३४५ | १८३ |
| ७५ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | २९५ | ३४८.८ | २१४.२ |
| ७६ | अपि पावर कम्पनी लिमिटेड | २७४.८६ | ३९० | १६२ |
| ७७ | घलेम्दी हाइड्रो लिमिटेड | २७४.११ | ३१८ | १४१ |
| ७८ | डादी ग्रुप पावर लिमिटेड | २६५ | ५७१ | २५० |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २६२.३८ | ३७९ | २१५.७ |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २५३.२ | ३३४.४ | १४३.१ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २५२.४७ | ३४९ | १४९ |
| ८२ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४०.३ | ३२६.६ | १८३.६ |
| ८३ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २३९.४२ | ३३६ | १९६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३०.२३ | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २२७.२८ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २२२.६८ | ३११ | १५४.५ |
| ८७ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २०७.८ | २९० | १३६ |
| ८८ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २०७.५४ | ३४४ | १७५.१ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २०३.१६ | २७४.९ | १५०.९ |
| ९० | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २००.७७ | २९५ | १५२.१ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | १९९.१७ | २७३ | १२३.३ |

## लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०२५.६८ | ६७३५ | १९१० |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३३०१.०६ | ६६०० | १२९५ |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २८१५.१५ | ३४८६ | १५६० |
| ४ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २७८८.५ | ४२७१ | १२१२.३ |
| ५ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २५९९.२८ | ४१८१ | १७८० |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २४५५.८२ | ४०२६.२ | १३०० |
| ७ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२५७.९४ | २६४८.७ | १६४७ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २२२४.५८ | ३२२३ | १५६५ |
| ९ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २१७६.४ | २९०७ | १०१३ |
| १० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १९५०.२३ | ३०४७ | ८०४ |
| ११ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १८६०.५७ | २४२६.४ | ११११ |
| १२ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १८३०.९२ | २६४१ | १६४१ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १७५१.१३ | २५३० | १०१७.९ |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १६४०.०५ | २३६३.३ | १३२० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०९.७८ | २३२७ | १०७५ |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०६.८८ | १९५८ | १३२१ |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७०.३८ | २२५० | १०९१ |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १५२८.३९ | २०१९ | ९६९ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १४६६.५ | १८६०.४ | १०७० |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३३५.७५ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६४.०५ | १८५१ | १०६२.१ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६२.९६ | १८१५ | ९४६.१ |
| २३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३०.३३ | १७१६ | ८२० |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२००.९४ | १७२७ | १११५ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ११८७.०५ | १७३९ | १०८० |
| २६ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८६ | १२८५ | ७३२.५ |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८०.२४ | १४९१ | ७३०.४ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०७१.०५ | १३०६.८ | ६५०.३ |
| २९ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६८.१६ | १४२८ | ८४० |
| ३० | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७१.६५ | १२५० | ६४० |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७०.८७ | १४४७ | ६८१.१ |
| ३२ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३८.०१ | १४७०.८ | ६८७ |
| ३३ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९२३.३८ | १४९२ | ९०५ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८५ | ११९० | ६६५ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७०.४४ | ११७४ | ६७० |
| ३६ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५२.७२ | ११५५ | ८०० |
| ३७ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३४.०८ | ९८७ | ६०० |
| ३८ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२९.७५ | ११७७ | ६९६.२ |
| ३९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२८.३ | १२७१ | ६९४.२ |
| ४० | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२७.२७ | १२३२ | ७११.५ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ७९७.९२ | ११०५ | ७८१ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८१.७१ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७७३.६३ | १००४ | ५९४.३ |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४०.५२ | १२१४.८ | ७०७ |
| ४५ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३२.०१ | ९१८ | ५८१ |
| ४६ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३०.७९ | ८९० | ५९० |
| ४७ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७२४.०५ | ९८० | ६०२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८३.५ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६३.२६ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५२.७८ | ९०७ | ६०१ |

## नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,000,000 | १,२00,000 | १,८00,000 | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |
| २ | ६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९ | ६.०० | ७ | ५,000,000 | २,000,000 | ३,000,000 | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ कात्तिक १४ |
| ३ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५00,000 | १,000,000 | १,५00,000 | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ४ | ९% गुहेश्वरी डिबेन्चर २०८९ | ९.०० | ८ | २६0,000 | १०४,000 | १५६,000 | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ चैत ३ |
| ५ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,000,000 | १,२00,000 | १,८00,000 | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ६ | ७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९० | ७.०० | १० | ३,000,000 | १,२00,000 | १,८00,000 | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ ०२ |
| ७ | ७% नबिल डिबेन्चर २०८९ | ७.०० | ८ | ३,000,000 | १,२00,000 | १,८00,000 | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ असार १४ |
| ८ | ८% शाइन रेसुङ्गा डिबेन्चर | ८.०० | १० | १,000,000 | ४00,000 | ६00,000 | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १४ |

## 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लि. | १६४५.४६ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लि. | १३४६.०६ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लि. | १०५८.१७ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग क.लि. | ९६९.६६ | १२६४ | ६७८ |
